महालेखापरीक्षकको कार्यालय

अनामनगर/बबरमहल

लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन

आर्थिक वर्ष - २०७९/८०

कनकासुन्दरी गाउँपालिका, जुम्ला

८०६६२५०१३००

कनकासुन्दरी गाउँपालिका , जुम्ला

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
कर्णाली प्रदेश लेखापरीक्षण निर्देशनालय
काठमाडौं

प.सं.:२०८०/८१ मिति : २०८०-७-२१

च.न :

विषयः लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन ।

श्री कार्यालय प्रमुख ज्यु ,
कनकासुन्दरी गाउँपालिका, जुम्ला ,
कनकासुन्दरी गाउँपालिका , जुम्ला

लेखापरीक्षण ऐन, २०७५ अनुसार त्यस कार्यालयको विनियोजन/राजस्व/धरौटी/अन्य कारोबारको आर्थिक विवरण तथा सोसँग सम्बन्धित कागजपत्र र विवरण परीक्षण गरी लेखापरीक्षण बहिर्गमन बैठकमा मिति २०८०।६।१६ मा छलफल पश्चात् तयार गरिएको पाना ६३ को प्रारम्भिक प्रतिवेदन यसैसाथ छ ।

कार्यालयबाट पेस भएको आर्थिक विवरणप्रतिको उत्तरदायित्व प्रचलित कानुन बमोजिम जिम्मेवार व्यक्तिको हो । लेखापरीक्षकको उत्तरदायित्व नेपाल सरकारी लेखापरीक्षणमान बमोजिम आर्थिक विवरण परीक्षण गरी प्रतिवेदन गर्नु हो । प्रतिवेदनमा उल्लिखित व्यहोराका सम्बन्धमा देहायको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व कानून बमोजिम ३५ दिनभित्र फछ्र्यौट गरी सम्परीक्षण गराउनु हुनेछ । उक्त समयभित्र फछ्र्यौट गरी सम्परीक्षण नगराएमा सोही कानूनमा व्यवस्था भए बमोजिम कारबाहीका लागि लेखाउत्तरदायी अधिकृतलाई जानकारी गराइने व्यहोरा निर्देशानुसार अनुरोध गर्दछु ।

हिरामणि निरौला
निर्देशक

बोधार्थ तथा कार्यार्थः
श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन
मन्त्रालय, सिंहदरबार, काठमाडौं,
info@mofaga.gov.np
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, जुम्ला
, jumladtco@gmail.com

परिचय

१ **परिचय**

(क) कार्यालय परिचय :- स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्दन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ ।

स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस कनकासुन्दरी गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु कनकासुन्दरी गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ८ वडा, ४५ सभा सदस्य, २५५.३९ वर्ग किलोमिटर क्षेत्रफल तथा १३६७८ जनसंख्या रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।५।२६ देखि २०८०।६। १६ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- कार्यालयको आय – व्ययतर्फ रु. ६३७८१८१०२.३१ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :- लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

२ **एकीकृत आय-व्यय**

एकीकृत आय-व्यय

सि.नं	आयतर्फ		सि.नं	व्ययतर्फ	
	विवरण	रकम		विवरण	रकम
१	**गत वर्षको जिम्मेवारी**	**81902380.94**	१	**चालु खर्च**	**320489313.00**
	क. नगद		२	**पूँजीगत खर्च**	**134786589.00**
	ख. बैंक	81657809.94	३	**अन्य खर्च (CGAS तर्फ सोझै)**	**78149296.00**
	धरौटी अ.ल्या.	244571.00			
२	**राजस्व (आन्तरिक आय)**	**66915673.33**			
	क. आन्तरिक राजस्व	1825000.00			
	ख. राजस्व बाँडफाँड	65090673.33			
३	**वित्तीय हस्तान्तरण संघ**	**329409118.00**			
	क. वित्तीय समानीकरण अनुदान	96292500.00			
	ख. सशर्त अनुदान	221606998.00			
	ग. समपूरक अनुदान		४	**धरौटी फिर्ता**	**0.00**
	घ. विशेष अनुदान	11509620.00			
४	**प्रदेशसरकारबाट प्राप्त अनुदान**	**38739181.00**	५	**विविध कोष खर्च**	**27525186.00**
	क. वित्तीय समानीकरण अनुदान	10547000.00		क. विविध खर्च खाता	26278056.00
	ख. सशर्त अनुदान	22340000.00		ख. प्रकोप व्यवस्थापन कोष	1247130.00
	ग. समपुरक अनुदान	2427576.00	६	**अनुदान फिर्ता**	**11673669.00**
	घ. विशेष अनुदान	3424605.00		क. संघतर्फ	9903826.00
				ख. प्रदेशतर्फ	1769843.00
५	**अन्य**	**78149296.00**	७	**मौज्दात**	
	क. सामाजिकविकास मन्त्रालय	1000000.00		**कूल संचित कोषमा हुनेमौज्दात**	**54604561.62**
	ख. आन्तरिक	264000.00			88187.01

	मामिला तथा कानुन मन्त्रालय(सहित वेपत्ता तथा घाईते अपाङ्ग परिवारलाई जिवन निर्वाह भत्ता)			क. संचित कोष खाता	
	ग. पर्यटन पूर्वाधार विकास आयोजना	383556.00		ख. आन्तरिक राजश्व खाता मौज्दात	2784700.13
	घ. दिगो सरसफाई आयोजना	3690613.00		ग. वाँडबाँटबाट प्राप्त राजस्व खाता	14054705.00
	ङ. सामाजिकसुरक्षा भत्ता	72811127.00		घ. चालु खर्च खाता मौज्दात	4167921.48
६	**विभिन्न कोषतर्फको आय**	**36007403.65**		ङ. पुँजीगत खर्च खाता मौज्दात	33509048.00
	विविध खर्च खाता	32114443.65		च. आन्तरिक अनुदान खाता मौज्दात	0.00
	प्रकोप व्यवस्थापन कोष	3050065.00	८	**धरौटी मौज्दात**	**512729.00**
	कर्मचारी कल्याण कोष	842895.00	९	**विविध कोषहरु**	**10076758.69**
				क. बैदेशिक सहायता खाता मौज्दात	1999990.00
७	**धरौटी प्राप्ति**	**268158.00**		ख. विविध खर्च खाता	5430053.69
८	**दिगो सरसफाई आयोजना(विविध खर्च खातामा आम्दानी गर्न छुटेको)**	**1999960.00**		ग. प्रकोप व्यवस्थापन कोष	1803820.00
९	**अन्य विविध आय (आम्दानी गर्न छुटेको)**	**4426931.39**		घ. कर्मचारी कल्याण कोष	842895.00
	जम्मा	**637818102.31**		**जम्मा**	**637818102.31**

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ **वित्तीय विवरण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NPSAS based ढाँचामा लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । कार्यालयले आफ्ना सबै कारोबारलाई सुत्र प्रणाली मार्फत गरेर सो को NPSAS based ढाँचामा लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्नेमा पालिकाले उपलव्ध गराएको सुत्र प्रणाली अनुसारको वित्तीय विवरण सम्बन्धमा निम्नानुसार देखिएको छः

- कोष तथा लेखा नियन्त्रक कार्यालयबाट सोझै भुक्तानी हुने CGAS तर्फका संघीय कार्यक्रमहरु तथा प्रदेश कार्यक्रमहरु सामाजिक सुरक्षा तथा संरक्षणतर्फको रु. ७२८११९२७, दिगो सरसफाई आयोजनातर्फको रु. ३६९०६१३, पर्यटन पूर्वाधार विकास आयोजनातर्फको रु. ३८३५५६, सहिद बेपत्ता घाइते अपाङ्ग परिवारलाई जीवन निर्वाह भत्तातर्फ रु. २६४००० तथा सामाजिक विकास मन्त्रालयतर्फको रु. १०००००० गरी कूल रु. ७८१४९२९६ निकासा खर्च सुत्रमा समावेश गरिएको छैन ।

- सुत्र प्रणाली प्राप्ति भुक्तानी हिसाब अनुसार पालिकाको यस वर्षको कूल प्राप्ति रु. ४५८०७३६०८.९८ मा कूल भुक्तानी रु. ४८३७३५४८५.६० घटाएर बाँकी रहेको रकममा गत वर्षको जिम्मेवारी (धरौटी र संचित कोष) रु. ८६१३९६७२.९४ जोड्दा वर्षान्तको बाँकी प्राप्ति भुक्तानी हिसाब अनुसार रु. ६०४७७७९६.३२ देखिन्छ । बैंक नगदी किताब अनुसार वर्षान्तको बाँकी रकम रु. ६०४७७७९६.३२ रहेको देखिन्छ ।

- सुत्र प्रणालीले विविध कोषहरुतर्फको वास्तविक आम्दानी, गत वर्षको अल्या र खर्चलाई प्राप्ति भुक्तानी हिसाबमा देखाउन सकेको देखिदैन ।

- पालिकाले आफ्नो आन्तरिक आयलाई सूत्रमा समावेश गरेको देखिएन। यसवर्षको आन्तरिक आय रु. १८२५०००, अन्य नखुलेको आम्दानीतर्फको रु. ४४२६९३१.३९ सूत्रको सञ्चित कोषमा प्रविष्टि गरेको देखिएन ।

- दिगो सरसफाई आयोजनातर्फको रकम सोझै प्राप्त रु. १५७०७१०९ मध्ये १३७०७१४९ मात्र स्रेस्ता विविध खर्च खातामा आम्दानी गरेको देखिन्छ । बाँकी १९९९९६० विविध खर्च खातातर्फको स्रेस्तामा आम्दानी गर्न बाँकी देखिन्छ ।

- पालिकाको सुत्र प्रणालीले पालिकाको वास्तविक कारोबारलाई प्रस्तुत गर्न सकेको देखिएन ।

तोकिए बमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४ **गत वर्षको जिम्मेवारी**

स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको मौज्दात रु. ६६३४८३१७.३३ रहेको देखिन्छ । सोही अनुसार यो बर्षको संचित कोष, धरौटी तथा विविध कोषमा गरी पालिकाले रु. ८६१३९६७२.९४ जिम्मेवारी सारेको देखियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएकोभन्दा रु. १९७९१३५५.६१ जिम्मेवारी बढी सारेको देखिन्छ । कार्यालयले हिसाब यकिन गरी लेखाङ्कन गरी पेश गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५ **एकीकृत आय व्यय विवरण र सूत्र प्रणाली(म.ले.प. २७२)**

स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । पालिकाको सञ्चित कोषको गत वर्ष जिम्मेवारी रु. यस वर्षको प्राप्ति रु. देखिन्छ । यस वर्षको सञ्चित कोषको खर्च रु. घटाएर बाँकी मौज्दात रु. हुने देखिन्छ । वर्षान्तको बैंक स्टेटमेन्ट अनुसार मौज्दात रु. रहेको छ । संचित कोषहरुको गत विगतको बाँकी, यस वर्षको सम्पूर्ण प्राप्ती र खर्च स्पष्ट रुपमा प्राप्ति भुक्तानी हिसाबमा लेखाङ्कन हुनपर्दछ ।

विवरण	म.ले.प.फा.नं. २७२	एकीकृत आय व्यय विवरण	फरक
गत वर्षको अल्या	८१६५७८०९.९४	81657809.94	०
यस वर्षको आम्दानी	४२७०६३९७२.३३	४३९४९०९०३.३९	(१२४२६९३१.०६)
यस वर्षको खर्च रकम	४५७९७५९०२.६०	४६६९४९५७१	(८९७३६६८.३९)
बाँकी मौज्दात	५०७४५८७९.६७	५४१९९१४२.३३	(३४५३२६२.६६)

पालिकाको सञ्चित कोषको स्थिति हेर्दा म.ले.प. फारम नं. २७२ तथा एकीकृत आय व्यय विवरणको सञ्चित कोष बीच रु. ३४५३२६२.६६ को अन्तर देखिन्छ । पालिकाले सुत्र प्रणालीबाट वास्तविक कारोबार देखिने गरी लेखाङ्कन गर्नुपर्ने तथा म.ले.प. फारम नं. २७२ लाई अद्यावधिक राख्नुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

६ सञ्चित कोष हिसाब मिलान

स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहाय बमोजिमको खाताको मासिक बैंक हिसाब मिलान विवरण तयार गरेको देखिएन । वर्षान्तमा पालिकाको सञ्चित कोषको बैंक खातामा स्रेस्ता भन्दा रु. २५५१७५७.८९ बढी देखिएको छ । कार्यालयले पुँजीगत, चालु खर्च खाता, सञ्चित कोषको बैंक हिसाब तयार गरेको देखिएन । वर्षान्तमा बैंक हिसाब मिलान विवरण तयार गर्नुपर्ने देखिन्छ ।

बैंकको नाम	खाताको प्रकार	खाता अनुसार बाकी रु	बैंक अनुसार बाकी रु
कुमारी बैंक लि.	ग १.१, आन्तरिक राजस्व खाता	०	२७८४७००
कुमारी बैंक लि.	ग १.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता	०	१४०५४७०५
कुमारी बैंक लि.	ग १.३, आन्तरिक अनुदान खाता	१२५०००	०
कुमारी बैंक लि.	ग २.२, चालू खर्च खाता- जोर वर्ष	०.	४१६७९२१.४८
कुमारी बैंक लि.	ग २.४, पुँजीगत खर्च खाता- जोर वर्ष	०.	३३५०९०४८
कुमारी बैंक लि.	ग ४.१, स्थानीय तह सञ्चित कोष खाता	५१९२७८०४	८८१८७
	जम्मा	५२०५२८०४	५४६०४५६१.६२

सैद्धान्तिक बेरुजु

७ धरौटीतर्फको हिसाब मिलान

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को परिच्छेद ७ को नियम ६२ देखि ७२ सम्म धरौटी सम्बन्धि व्यवस्था अनुसार आवश्यक कागजात संलग्न गरी धरौटी रकम फिर्ता गर्ने र नियमानुसार धरौटी आम्दानी हुने वित्तिकै स्रेस्तामा आम्दानी बाँध्नुपर्ने व्यवस्था छ । कार्यालयको यस वर्षको धरौटी बाँकी स्रेस्ता अनुसार रु. ३२६९९१ रहेकोमा धरौटी खातातर्फ वर्षान्तको बैंक

मौज्दात रु. ५१२७२९ नै रहेको देखिन्छ । पालिकाले धरौटीको हिसाबमिलान विवरण तयार गरेको देखिएन । स्रेस्तामाभन्दा धरौटी खातामा रु. १८५७३७ बढी देखिएकोमा नामनामेसी सहितको धरौटी अद्यावधिक राख्नुपर्दछ ।

गत वर्षको अल्या	यस वर्षको आम्दानी	कूल आम्दानी	फिर्ता	सदरस्याहा	बाँकी	बैक स्टेटमेन्ट	फरक
२४४५७१	८२४२०	३२६९९१	०	०	३२६९९१	५१२७२९	१८५७३७

सैद्धान्तिक बेरुजु

८ **कोषतर्फको हिसाब मिलान**

स्थानीय तहको कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । स्थानीय तहले विविध कोषहरुतर्फको कारोवारलाई सुत्रमा आवद्ध गरेको देखिन्छ । पालिकाको गत वर्ष जिम्मेवारी विविध खर्च खातातर्फ रु. ४८१४०० तथा प्रकोप व्यवस्थापन कोषतर्फ रु ३०५००६५ गरी कूल रु ३५३१४६५ रहेको देखिन्छ । कोषहरुमा यस वर्षको प्राप्ति रु ३१६३३०४३.६५ देखिन्छ । यस वर्षको खर्च रु २७५२५१८६ घटाएर बाँकी मौज्दात रु ७६३९३२२.६५ हुने देखिन्छ । वर्षान्तको बैंक स्टेटमेन्ट अनुसार मौज्दात रु ७२३३८७३.६९ रहेको छ । पालिकाको विविध कोषतर्फ स्रेस्ताभन्दा बैंक घटीसम्बन्धमा यकिन हुनुपर्ने रु.

कोष	शुरु मौज्दात	यो वर्ष थप	जम्मा	यो वर्षको भुक्तानी	बाकी	बैंक स्टेटमेन्ट
				फिर्ता / खर्च		
प्रकोप व्यवस्थापन कोष (ग ७-२)	३०५००६५	०	३०५००६५	१२४७१३०	१८०२९३५	१८०३८२०
बिबिध खर्च खाता/कोष- बैंक (ग २-७)	४८१४००	३१६३३०४३.६५	३२११४४४३.६५	२६२७८०५६	५८३६३८७.६५	५४३००५३.६९
जम्मा	३५३१४६५	३१६३३०४३.६५	३५१६४५०८.६५	२७५२५१८६	७६३९३२२.६५	७२३३८७३.६९
		स्रेस्ता र बैंकबीच फरक			**४०५४८८.९६**	

प्रमाण पेश नगरेको	४,०५,४४८.९६

९ **सूत्र प्रणालीबाहेकका कोषहरु**

स्थानीय तहको कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । स्थानीय तहले देहायका कोषहरुको कारोवारलाई सुत्रमा आवद्ध गरेको देखिएन । सबै कोषहरुको कारोबार सूत्र प्रणालीमा आबद्ध गर्नुपर्दछ ।

कोष वा श्रोत	गत वर्षको अल्या र यस वर्ष प्राप्त समेत जम्मा	यो वर्षको भुक्तानी	बाकी	बैंक अनुसार बाँकी
		विविध खर्च खातामा ट्रान्सफर		
कनकासुन्दरी बैदेशिक अनुदान सहायता खाता	१५७०७१०९	१३७०७११४९	१९९९९६०	१९९९९६०
कर्मचारी कल्याण कोष	८४२८९५		८४२८९५	८४२८९५

सैद्धान्तिक बेरुजु

१० **दाखिला गर्न बाँकी कट्टी रकम**

कार्यालयले कट्टी रकम दाखिला तथा भुक्तानी गर्न बाँकी रकमलाई आर्थिक वर्षको अन्तसम्ममा भुक्तानी/दाखिला गरी वित्तीय प्रतिवेदन तयार गर्नुपर्दछ । वित्तीय प्रतिवेदनको अन्य भूक्तानी तर्फ (म.ले.प.फा.न. २७२) मा कट्टी रकम भुक्तानी/दाखिला गर्न रु. १७६५६०३ बाँकी देखिएकोमा उक्त रकम सम्बन्धित खातामा जम्मा गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	१७,६५,६०३

११ बजेट पेश, पारित र अख्तियारी

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । पालिकाका उपाध्यक्ष श्री प्रेमकली बुढाले मिति २०७९।३।१० गते रु ५५ करोड ८६ लाख ६६ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७९।३।२० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०८०।३।२७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

सैद्धान्तिक बेरुजु

१२ बजेट सीमा निर्धारण समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजस्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरू फागुन महिनाभित्र सम्पन्न गरी सक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले चैत १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था छ । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१३ बजेट तथा कार्यक्रम तर्जुमा

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१४ नीति तथा मार्गदर्शन

गाउँपालिकाको आ.व. २०७९।०८० को नीति तथा मार्गदर्शन २०७९ असार १० गते गाउँसभामा प्रस्तुत गरिएकोमा उक्त नीति तथा मार्गदर्शनमा प्रस्तुत भएका विषयवस्तुहरू मध्ये कतिपय व्यहोराहरू यस आर्थिक वर्षमा कार्यान्वियन गरेको पाइएन । गाउँसभामा प्रस्तुत नीति तथा मार्ग दर्शनमा उल्लेखित व्यहोराहरूको कार्यान्वियनको लागि गाउँपालिकाले आवश्यक पहल गर्नु पर्ने देखिन्छ । नीति तथा मार्गदर्शनमा उल्लेख भएका व्यहोराहरू कार्यान्वियन नभएका उदाहरण देहाय अनुसार छन्ः

• बढी कर तिर्ने करदातालाई सम्मान गर्ने परिपाटीको विकास गर्ने,

• बाझो जग्गा भाडामा लिएर खेती गर्ने किसानलाई अनुदानको व्यवस्था गर्ने,

• गाउँपालिका भित्रका सम्पर्ण सडकहरूको सडक गुरूयोजना बनाई लागू गर्ने,

• स्थानीय रैथाने खाद्य बालीलाई प्रवर्द्धन गर्न होटलहरूमा स्थानीय खाद्य परिकार राख्न होटल व्यवसायीहरूलाई प्रोत्साहित गर्ने,

• व्यवसायिकरूपमा उद्योग गर्न चाहने उद्यमीलाई निर्व्याजी कर्जा तथा सहुलियत कर्जा उपलब्ध गराउने,

• गाउँपालिका भित्रका सरकारी कार्यालयहरूमा विद्युतीय शासन प्रणालीमा आवद्धता गर्न पहल गर्ने,

• गाउँपालिका केन्द्र र वडा केन्द्रहरूमा फोहोरमैला व्यवस्थापनका लागि डम्पिङ साइडको स्थापना गर्दै लगिने,

• युवाहरूलाई स्वयंसेवामा उत्प्रेरित गरी गाउँपालिका निर्माणमा परिचालन गर्ने,

• गाउँपालिकाबाट प्रदान गर्ने सेवाहरू प्रविधि मैत्री रूपमा प्रदान गर्ने,

• गाउँपालिकाकाले विभिन्न किसिमका नागरिक एप्सहरू प्रयोगमा ल्याई सेवा प्रवाहलाई चुस्त दुरूस्त बनाउने,

• रोजगार बैंकको स्थपना गर्ने ।

सैद्धान्तिक बेरुजु

१५ **कार्यक्रमहरू कार्यान्वयन नभएको**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आगामी आर्थिक वर्षको राजस्व र व्यय (बजेट) को अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार दश गतेभित्र सभामा पेश गर्नुपर्ने र सभाले कार्यपालिकाबाट पेश गरेको बजेट माथि छलफल गरी आषाढ मसान्तभित्र पारित गरिसक्नुपर्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० को लागि रू. ५५ करोड ८६ लाख ६६ हजारको बजेट पारित गरेको छ । बजेटमा समावेश भएका कुल ४३३ बटा कार्यक्रम मध्ये यस वर्ष ८९ वटा कार्यक्रमहरू कार्यान्वयन गरेको पाइएन । कार्यान्वयन नभएका रू. ५ लाख भन्दा माथिका कार्यक्रमहरू अनुसूचि ३ मा संलग्न छन् ।

सैद्धान्तिक बेरुजु

१६ **बजेट अवण्डा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले देहायका शीर्षकमा यो वर्ष रु. ४५१८१८५० अबण्डा बजेट व्यवस्था गरी विभिन्न योजनामा रु. ४०८०९७२५ खर्च गरेको छ। बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।

योजनाको नाम	विनियोजन	बजेट / खर्च
अध्यक्ष जनतासँग कार्यक्रम	1725850	1156738
कार्यपालिका सदस्य जनतासँग कार्यक्रम	524000	384000
उपाअध्यक्ष जनतासँग कार्यक्रम	232000	220400
अध्यक्ष जनतासँग कार्यक्रम	9000000	8287466
उपाध्यक्ष जनतासँग कार्यक्रम	1000000	948819
समपुरक कोष (विविध समेत)	30000000	27623132
उपाध्यक्षसँग जनता कार्यक्रम	2700000	2189170
जम्मा	45181850	40809725

सैद्धान्तिक बेरुजु

१७ **क्षेत्रगत बजेट खर्च**

स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम स्थानीय तहले बजेट तथा कार्यक्रम तयार गरि स्वीकृत गर्दा तोकिएको क्षेत्र र उपक्षेत्रमा लिएका लक्ष्य अनुरुप प्रगती हासिल गर्नको लागि बजेट प्रस्ताव गर्दा दिगो विकासको लक्ष्य तथा लैगीक उत्तरदायीसमेत हुने गरी खर्च गर्नपर्ने ब्यबस्था रहेको छ । पालिकाको यस बर्षको क्षेत्रगत खर्च विवरण यसप्रकार देखिएको छ ।

सि. नं	क्षेत्र/उप क्षेत्र	विनियोजन	खर्च	कूल खर्चको तुलनामा खर्च (%)
१	आर्थिक विकास	18685000	16243274	3.55
२	सामाजिक विकास	206698161	184280008	40.24
३	पूर्वाधार विकास	167740204	114944411	25.10
४	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	24268000	20669548	4.51
५	कार्यालय सञ्चालन तथा प्रशासनिक	141274245	121838662	26.60
कुल जम्मा		558665610	457975903	१००

कार्यलयले पुर्वाधार विकासमा स्वीकृत गरेको विनियोजन अन्य क्षेत्रको भन्दा तुलनात्मक रुपमा कम रहेको छ । सामाजिक विकास आर्थिक विकास सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रको विकास लगायतका क्षेत्रको खर्च विनियोजनको तुलनामा बढी खर्च भइ रहेको अवस्था देखिएकाले नगरपालिकाको भौतिक विकासको लागि अनुत्पादनशिल खर्चलाइ कटौती गरि तथा खर्चमा नियन्त्रण गरि पुर्वाधार तर्फको लगानीमा वृद्धि गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१८ **त्रैमासिक पूँजीगत खर्च तथा प्रगति प्रतिवेदन**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १६(१०) बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम ३५ बमोजिम त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलब्ध गराएको विवरणअनुसार पूँजीगत खर्च वार्षिक रु. १३ करोड ७४ लाख ८७ हजार

खर्च भएकोमा प्रथम त्रैमासिकमा रु. ७४ लाख ९७ हजार अर्थात ५.४५ प्रतिशत, दोस्रो त्रैमासिकमा २ करोड ६५ लाख ८१ हजार अर्थात १९.३३ प्रतिशत तेस्रो त्रैमासिकमा रु. १ करोड ६५ लाख ५० हजार अर्थात १२.०३ प्रतिशत र चौथो त्रैमासिकमा रु. ८ करोड ६८ लाख ५९ हजार अर्थात ६३.१७ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै असार महिनामा मात्र रु. ५ करोड ३८ लाख ६३ हजार अर्थात ३९.१७ प्रतिशत खर्च देखिनुले असारमा आएर खर्चको चाप बढेकोले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गरिनु पर्दछ ।

सोही नियममा उल्लेख भए अनुसार बजेट तथा कार्यक्रम कार्यान्वियन गर्ने प्रत्येक कार्यालयले अनुसूची २ बमेजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरी तोकिएको निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले तोकिएको ढाँचामा प्रगति विवरण तयार गरेको देखिएन । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार विनियोजत बजेटबाट भएको खर्चको आधारमा भएको प्रगति देहाय अनुसार छ ।

कार्यक्रम/योजना	कुल कार्यक्रम	वार्षिक प्रगति स्थिति			
		शून्य प्रगती	२५%सम्म प्रगति	५०% सम्म प्रगति	७५% सम्म वा सो भन्दा माथि प्रगति
कार्यक्रम संख्या	४७२	०	२०	३५	४५

सैद्धान्तिक बेरुजु

१९ खर्च विश्लेषण

पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु. १८२५०००।– गत वर्षको मौज्दात रू. ८१९०२३८०.९४ राजस्व बाँडफाँड रू. ६५०९०६७३, संघीयअनुदानबाट रु. ३२९४०९११८।–, प्रदेश अनुदानबाट रु. ३८७३९१८१, अन्तर सरकारी अख्तियारी तथा अन्य आयबाट रू. ७८१४९२९६।–, विविध आय रू. ४२७०२४५३।- समेत रू. ६३७८१८१०२.३१ आम्दानी भएकोमा चालु तर्फ रु. ३२०४८९३१३।- र पूँजिगत तर्फ रु. १३४७८६५८९।-, समेत रु. ४५५२७५९०२।– खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको मात्र हिस्सा ०.४ प्रतिशत रहेको छ । यस बर्ष पदाधिकारी सुबिधामा रू. ४१७२०००।–खर्च भएको छ जुन आन्तरिक आयको २.२८६ गुणा बढी रहेको छ । पालिकाको चालु तथा पुँजीगत खर्चमध्ये ७०.४० प्रतिशत चालु र २९.६० प्रतिशतमात्र पुँजीगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरूले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२० आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा लागु गरेको पाइएन। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरू तपशिल वमोजिम रहेका छन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाइएन,

• पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसूची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाइएन,

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाइएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाइएन,

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाइएन,

• विषयगत क्षेत्रमा सञ्चालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखी रहेको पाइयो,

• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाइयो,

• वडा कार्यालयमा रहेका जिन्सी सामान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाइएन,

• साना तथा ठूला सबै निर्माण कार्यको नापी किताब कम्प्यूटरबाट तयार गरिएको लुजशिटमा भरी भुक्तानीको लेखासाथ राख्ने गरेको छ । कतिपय निर्माण कार्यलाई थप निरन्तरता दिन वा अन्य कारणले पछि पनि पुनरावलोकन गर्न पर्ने भएकोले आवश्यक परेको समयमा उपलब्ध हुन सक्ने गरी संस्थागत स्मृतिको लागि डिजिटलाईज गरी वा अन्य तवरले सुरक्षित राख्न आवश्यक देखिन्छ,

• कतिपय सडक तथा कुलो/नहर निर्माण तथा मर्मतमा सो स्थानको चेनेज नं. उल्लेख गर्ने नगरेबाट एकै कार्यको लागि दोहोरो भुक्तानी हुन सक्ने र निर्माणस्थलको अनुगमन निरीक्षणमा द्विविधा हुने भएकोले जुनसुकै समयमा पनि निर्माणस्थलको पहिचान हुने गरी चेनेज लगायतका संकेतहरूलाई अनिवार्य गर्नुपर्दछ,

• जुनसुकै निर्माणकार्य, मालसामान, परामर्श सेवा वा अन्य सेवा खरिदको लागि लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले निर्माण तथा सेवा सम्बन्धी कार्यको लागत अनुमान तयार गरेको भए तापनि लागत अनुमान वेगर फर्निचर, कार्यालय सामान, कम्प्यूटर आदि खरिद गरेको देखिन्छ,

• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाइएन ,

• कार्यालयले उद्वेश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरू पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख राखेको पाइएन,

• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद बील भर्पाइहरूमा सिलसिलेवार नम्वर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाइएन,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाइएन,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्यूनतम दररेट तोक्नु पर्नेमा तोकेको पाइएन,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा बनाएको पाइएन,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरू उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाइएन,

• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट सञ्चालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन,

• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाइएन,

• वातावरण संरक्षणको एकीकृत दीर्घकालिन योजना तयार गरेको पाइएन,

• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको ३८ जनाको दरबन्दी रहेकोमा ५ रिक्त रहेको पाइयो,

• सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ को नियम १४ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरूको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाइएन,

• निजामती सेवा ऐन, २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाइएन,

• निजामती सेवा ऐन, २०४९ को दफा ७ ख २ वमोजिम तलवी प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले कमर्चारीहरूको तलवी प्रतिवेदन पारित नगरी रू. २१२४७३५३ तलब खर्च लेखेको पाइयो । तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकीन हुन सकेन,

• पालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले यकीन गरी अध्यावधिक गरेको छैन,

• पालिकाले चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरू समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था अनुसार पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार गर्नु पर्ने भनी गत विगतको प्रतिवेदनमा उल्लेख भए पनि सो व्यवस्थाको कार्यान्वयन भएको पाइएन,

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वासनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

२१ **बेरुजु लगत**

बेरुजु लगतका लागि मलेप फारामको व्यवस्था गरिएको छ । म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका म. ले. प. फाराम मध्ये प्राधिकरणसँग सम्बन्धित म. ले. प. फाराम ८०१ बेरुजु लगत म. ले. प. फाराम ८०२ बेरुजुको कार्यालयगत प्रतिवेदन म. ले. प. फाराम ८०३ – बेरुजुको केन्द्रिय कार्यालयगत लगत म. ले. प. फाराम ८०४ बेरुजुको कार्यालयगत केन्द्रिय प्रतिवेदन म. ले. प. फाराम ८०५ सम्परीक्षण गोश्वारा अभिलेख फाराम राखेको पाइएन । यसमा सुधार हुनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

२२ **म.ले.प. फारमहरूको प्रयोग**

म.ले.प. फारमहरूको प्रयोगः साविकमा रहेका म.ले.प. फारमहरूको सट्टा नयाँ म.ले.प. नम्बरहरू २०७६ अनुसार म.ले.प.फा. नं. ९०१ देखि ९१० आन्तरिक नियन्त्रण प्रणालीसँग सम्बन्धित फारमहरू जस्तै आई.टि. तथा सफ्टवेयरसँग सम्बन्धित अभिलेख परिवारको दैनिक भ्रमण भत्ता सम्बन्धी अभिलेख सवारी साधन तथा मेशिन प्रयोगको लगबुक रसिद नियन्त्रण खाता भ्रमण प्रतिवेदन कर्मचारी दस्तखत नमुना अभिलेख आदि म.ले.प. फारमहरू आंशिक रुपमा प्रयोग गरेको देखियो । कार्यालयको कार्यसम्पादनमा मितव्यिता तथा प्रभावकारीता ल्याउन कामको प्रकृतिअनुसार फारमहरूको व्यवस्थित र पूर्ण प्रयोग गर्नुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

२३ **भ्रमण खर्च**

कर्णाली प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन २०७५ तथा भ्रमण खर्च नियमावली २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्चबापत यस वर्ष रु. २५५५००० खर्च गरेको देखिन्छ । भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरू देहाय बमोजिम छन् ।

• अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।

• नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको ।

• भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।

• कतिपय भ्रमणहरू पालिका वा कार्यालयसँग असम्बन्धित खर्च भुक्तानी गर्ने गरेको ।

• स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको ।

अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोग हुने सम्भावना देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२४ **कानुन निर्माण तथा कार्यान्वयन**

२४.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरूले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३९ नमूना कानूनहरू बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ८ वटा ऐन, ७ नियमावली, ९ वटा कार्यविधि, ६ निर्देशिका र ५ नर्म्स समेत लगायत ३५ वटा कानून निर्माण गरी कार्यान्यनमा ल्याएको छ र प्राप्त विवरण अनुसार सबै कानून तथा कार्यविधि राजपत्रमा प्रकासित गरेको देखिन्छ ।

सैद्धान्तिक बेरुजु

२४.२ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकाराह क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी ४ र यो बर्ष थप भएको मुद्दा दर्ता तथा बाँकीको विवरण पेश नभएकोले थप विश्लेषण गर्ने सकिएन।

सैद्धान्तिक बेरुजु

२५ **तलवी प्रतिवेदन**

निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई पालिकाका ३८ जना कर्मचारीको रु.२९५५३४५४।-खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन

सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२६ **समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता वापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७९ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । वर्षेनी विकास प्रयोजनार्थ दिइएको बजेटबाट तलब भत्ता लगायतका प्रशासनिक खर्च गर्नु उपयुक्त देखिदैन । पालिकाले स्वीकृत दरबन्दी भित्र नपरेका एवं विद्यालयले गत विगत देखि नै अन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई यस वर्ष वित्तीय समानीकरण अनुदानबाट रु. ६१६३३००।- तलब भत्ता भुक्तानी गरेको अनियमित रु

अनियमित भएको	६१,६३,३००

२७ **कर्मचारी कल्याण कोष**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ वमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवाशर्त तथा कानून वमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान, औषधिउपचार लगायतका सुविधा उपलव्ध गराउन अवकास कोषको स्थापना गर्ने व्यवस्था छ । उक्त कोषमा आफ्नो दरवन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाइपाई आएको मासिक तलवबाट १० प्रतिशत रकम कट्टा गरी सोको वरावरले हुने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकामा कार्यरत स्थानीय तहका कर्मचारीको तलवबाट रकम कट्टा गरी कल्याण कोषमा जम्मा गर्ने गरेको छैन । साथै कोषको सञ्चालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । यसमा सुधार हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२८ **सुरक्षित आवास**

सुरक्षित आवास कार्यान्वयन कार्यविधि २०७५, (संशोधन २०७७।१।८) को बुँदा ३ मा लक्षित वर्गको पहिचान गर्ने, बुँदा ४ मा लाभग्राही छनोटको आधार विधि र बुँदा ५ मा अनुदान सम्झौता र वित्तीय प्रबन्ध गर्नुपर्ने तथा बुदा ६ मा झुठा विवरण पेश गरी अनुदान रकम लिएको पाइएमा वा जुन प्रयोजनको लागि अनुदान उपलव्ध गराइएको हो सोही प्रयोजनमा खर्च नगरी अन्य प्रयोजनमा खर्च गरेको पाइए वा किस्ता बमोजिमको गर्नुपर्ने कार्यप्रगति अनुदान उपलव्ध गराइएको मितिले ३ महिना भित्र नगरेमा लाभग्राहीबाट अनुदान रकम स्थानीय तहले असूल उपर गर्ने व्यवस्था छ । कार्यालयले सुरक्षित नागरिक आवास समन्वय समितिले लाभग्राही छनोट र सिफारिश गरेको नामावलीको आधारमा ६३ घर निर्माणको सम्झौता गरेकोमा ५८ घर निर्माण सम्पन्न भएको विवरण कार्यालयले पेश गरेको छ । सुरक्षित आवास कार्यक्रमबाट प्रति घर २ किस्तामा ५० हजार भुक्तानी हुने यस कार्यक्रममा पहिलो किस्तामा ५० हजार, दोस्रो किस्तामा २५ हजार भुक्तानी गरेको छ । यस आर्थिक वर्ष भित्र ५९ लाभग्राहीलाई प्रथम र ५८ लाभग्राहीलाई दोस्रो किस्ता वापत रू. २९२५००० भुक्तानी गरेको छ । पालिकाले कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्दछ । यस प्रकारको वितरणमुखी कार्यमा खर्च गर्दा लाभग्राही छनौटको आधार, गत विगत वर्षमा यस प्रकारको सुविधा लिए नलिएको, जस्ता पाताको गुणस्तर तथा स्पेशिफिकेशन तयार गरी अन्य निकायबाट यस प्रकारको सुविधा नलिएको सुनिश्चितता गरेको देखिएन। यस्तो कार्यमा सुधार हुनु पर्दछ । यस वर्ष आवास निर्माणको लागि अनुदान निकासाको विवरण अनुसूचिमा उल्लेख छ ।

सैद्धान्तिक बेरुजु

२९ **सहकारी संस्थाको नियमन**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरूको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक

महिनाको ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलब्ध गराएको विवरणअनुसार पालिका भित्र ३२ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरूले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

३० **वितरणमुखी खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सृजना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनोट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले कोभिड-१९ आर्थिक सहयोग शीर्षकबाट कोभिड १९ पिडित परिवारहरुका लागि आर्थिक सहायता स्वरुप रु.३२९००१२ भुक्तानी दिएको छ। पालिकाको आन्तरिक आय न्यून रहेको स्थितिमा वितरणमुखी कार्यक्रममा खर्च गर्दा सोबाट पालिकालाई दीर्घकालिन प्रतिफल प्राप्त हुने देखिदैन । तसर्थ यस्तो खर्च कार्यविधि तयार गरी वास्तविकता र आवश्यकताका आधारमा पारदर्शी तवरले गर्नुपर्दछ।

(यस सम्बन्धि विवरण अनुसूचिमा संलग्न छ ।)

सैद्धान्तिक बेरुजु

३१ **सार्वजनिक सम्पत्तिको रेखदेख**

सरकारी तथा सार्वजनिक जग्गा संरक्षण उपयोग तथा हक हस्तान्तरण स्थानीय सरकार सञ्चाल ऐन २०७४ को दफा ९७ मा गाउँपालिका तथा गाँउपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको र अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु गराउनु र अभिलेख राख्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

३२ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३३ **सवारी साधन र मेशिनरीको मर्मत अभिलेख**

सवारी साधन र मेशिनरी सञ्चालनको अभिलेखका लागि मलेप फारामको व्यवस्था छ । म. ले. प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक अद्यावधिक गर्नु पर्ने र म. ले. प. फाराम ९०६ बमोजिम त्यस्ता सवारी साधन र मेशिनरीको मर्मत अभिलेख अध्यवधिक गरी राख्नु पर्ने व्यवस्था छ । पालिकाले यस्ता अभिलेख अध्यवधिक गरी राखेको छैन । म .ले.प फारामले तोके बमोजिमका आन्तरिक नियन्त्रण पद्वति लागु गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

३४ **जिन्सी व्यवस्थापन**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९(५) मा कार्यालयले आवश्यकता भन्दा बढी जिन्सी सामग्री खरिद गर्न नहुने व्यवस्था छ। गाउँपालिकाले आवश्यकता भन्दा वढी जिन्सी सामग्री खरिद गरेको, एउटै कर्मचारीलाई एक भन्दा वढी जिन्सी सामग्री हस्तान्तरण गरेको साथै अन्य कार्यालयका कर्मचारी तथा गैससका कर्मचारीलाई समेत जिन्सी सामग्री हस्तान्तरण गरेको देखियो। कर्मचारीको कार्य प्रकृति अनुसार जिन्सी सामग्रीको आवश्यकता पहिचान गरेर सामग्री हस्तान्तरण गर्ने तर्फ गाउँपालिकाले ध्यान दिनुपर्दछ।अवकाश सरुवा, अन्य कार्यालयका कर्मचारी तथा एक भन्दा वढी सामग्री लिएका कर्मचारीबाट उक्त सामग्री अथवा सो बराबरको रकम असुल गर्नुपर्ने रु.

क्र. सं	कर्मचारीको नाम पद	बुझेको सामाग्री	सामग्रीको मूल्य	कैफियत
१	अध्यक्ष श्री नरवीर रावत	१ थान **MI Mobile** १ थान सामसुङ मोबाईल	१८५०० ५९०००	पूर्व पदाधिकारी
२	उपाध्यक्ष श्री उर्मिला खत्री	१ थान **Oppo mobile** १ थान **MI Mobile**	३३९०० १८५००	पूर्व पदाधिकारी
	जम्मा मूल्य		१२९९००।-	

प्रमाण पेश नगरेको	१,२९,९००

३५ **सम्पत्ति व्यवस्थापन र सुरक्षा**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा कार्यालय प्रमुखले लगत खडा गरी अभिलेख राखिएको सम्पति तथा जिन्सी मालसामानदा अवस्थाको बारेमा वर्षमा एक पटक आफै वा मालसामान जिम्मा लिने कर्मचारी बाहेक अन्य कर्मचारीको नेतृत्वमा कम्तीमा तीन सदस्यीय समिति गठन गरी सो समितिबाट निरीक्षण गरी महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा सम्पत्ति तथा जिन्सी निरीक्षण प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था रहेको छ। यस्तो प्रतिवेदनमा मर्मत सम्भार, संरक्षण तथा लिलाम बिक्री गर्नुपर्ने सम्पत्ति तथा जिन्सी मालसामानको विवरण तयार परी प्रतिवेदन गर्नुपर्दछ कार्यालयले मर्मत संभार, संरक्षण तथा लिलाम बिक्री गर्नुपर्ने सम्पत्ति तथा जिन्सी मालसामानको छुट्टै विवरण संलग्न गरी प्रतिवेदन तयार गरेको छैन। यसमा सुधार हुनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

३६ **विगत वर्षको पेश्की**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न कर्मचारी तथा संस्थालाई आ.व. ०७८।७९ सम्मका आर्थिक वर्षमा दिएको पेश्की आर्थिक वर्ष ०७९।८० को अन्त्यसम्म पनि फस्यौंट नभई रु. २०८३३०७१ बाँकी रहेको देखिन्छ । उक्त पेश्की नियमानुसार फस्र्योट गर्नुपर्दछ ।

पेश्कीको विवरण	पेश्की लिने	कर्मचारी भए पद	गत आ. व.सम्मको
दलित लक्षित कार्यक्रम वडा नं २	तिलु वि क	वडा सदस्य	100000
पालिका स्तरमा स्वास्थ्य संस्थाहरुको मासिक सूचना संकलन , भेरिफिकेशन एवं गुणस्तर सुधार साथै चौमासिक एवं बार्षिक समिक्षा	जनक राज हमाल	अधिकृत छैठौं	100000
सूचिकृत बेरोजगारहरुका लागि कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना कार्यक्रम	जय बहादुर बुढा	सहायक चौथौ	408733
पालिका स्तरमा स्वास्थ्य संस्थाहरुको मासिक बैठक, डाटा भेरिफिकेशन एवं गुणस्तर सुधार साथै चौमासिक एवं बार्षिक समिक्षा	झरना वली	सहायक पाँचौ	100000
स्वास्थ्य संस्था नभएका वडाहरूमा भवन निर्माण तथा संचालन खर्च	नेत्र बहादुर खत्री	अधिकृत छैठौं	1500000
किसान सूचीकरण कार्यक्रम	नन्द बहादुर खत्री	सहायक	300000
मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा, गर्भवती उत्प्रेरणा सेवा , न्यानो झोला र निशुल्क गर्भपतन कार्यक्रम	नन्दलाल रावत	अधिकृत छैठौं	150000
पशुपंक्षी आदीबाट हुने ईन्फुएन्जा, बर्ड फ्लु , AMR, सिष्टिसर्कोसिस , टक्सोप्लाज्मोसिस आदि विभिन्न सरुवारोग सम्बन्धि रोकथाम तथा नियन्त्रणका लागि सचेतना कार्यक्रम	लाल बहादुर रावत		20000
सवैका लागि शिक्षा-शिसु विकास कार्यक्रम अन्तरगत तोकिएका वाल विकास केन्द्र , आधारभुत शिक्षा , अनौपचारिक शिक्षा , नीति तथा सुरक्षित विद्यालयका कार्यक्रम कार्यान्वियन	लोकराज उपाध्याय	सहायक पाँचौ	200000
सूचिकृत बेरोजगारहरुका लागि कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना कार्यक्रम	सिंह बहादुर पछाई	कार्यालय सहयोगी	408733
वडा कार्यालय मर्मत र संचालन खर्च	हरि बहादुर बुढा	सहायक चौथौ	300000
अध्यक्ष जनता संग कार्यक्रम	नन्दलाल रावत	अधिकृत छैठौं	100000
मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च वडा नं १	हरि बहादुर बुढा	सहायक चौथौ	200000
वडा कार्यालय संचालन खर्च(मसलन्द, विविध , भ्रमण) समेत	हरि बहादुर बुढा	सहायक चौथौ	200000
अगुवा महिला प्रशिक्षण	हरी बहादुर बुढा	सहायक चौथौ	150000
समपुरक कोष (विविध समेत)	खस सिंजा सभ्याता संरक्षण बिकास प्रतिष्ठान		145000
मालिकाबोता विद्युत तथा पोल विस्तार	नेपाल विद्युत प्राधिकरण		6992994
वडाभरीलाइ विद्युतिय तार पोल ३	नेपाल विद्युत प्राधिकरण		1997611
मालिका माद्यामिक विद्यालय खिच्चने विज्ञान प्रयोगशाला	मालिका माध्यमिक विद्यालय खिच्चने		1000000
मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा, गर्भवती उत्प्रेरणा सेवा , न्यानो झोला र निशुल्क गर्भपतन कार्यक्रम	मालिकाबोता स्वास्थ्य चौकी		100000
शिक्षा सम्बन्धी विविध कार्यक्रम वडा नं. १	आधारभूत विद्यालय		150000

	सिप्टी		
शिक्षा सम्बन्धी विविध कार्यक्रम वडा नं. १	कुलदेव आ.वि. नेउरीगाड		150000
शिक्षा सम्बन्धी विविध कार्यक्रम वडा नं. १	ज्ञानोदय आधारभुत विद्यालय रिया	अध्यक्ष	150000
स्वास्थ्य संस्थालाई कार्यालय व्यस्थापन खर्च र अन्य गा.पा. भित्रका कार्यक्रम	पाण्डगुफा स्वास्थ्य चौकी	पाण्डगुफा स्वास्थ्य चौकी	100000
स्वास्थ्य संस्थालाई कार्यालय व्यस्थापन खर्च र अन्य गा.पा. भित्रका कार्यक्रम	बुम्रमाडिचौर स्वास्थ्य चौकी	बुम्रमाडिचौर स्वास्थ्य चौकी	80000
शिक्षा सम्बन्धी विविध कार्यक्रम वडा नं. १	महादेव आधारभुत विद्यालय चौथा	अध्यक्ष	150000
अतिरिक्त कक्षा संचालन १	महादेव माध्यमिक विद्यालय		300000
शिक्षा सम्बन्धी विविध कार्यक्रम वडा नं. १	महादेव माध्यमिक विद्यालय	महादेव माध्यमिक विद्यालय बुम्रमाडी चौ	300000
स्वास्थ्य संस्थालाई कार्यालय व्यस्थापन खर्च र अन्य गा.पा. भित्रका कार्यक्रम	मालिकाबोता स्वास्थ्य चौकी		80000
खेलकुद मनोरन्जन र अतिरिक्त क्रियाकलाप	श्री कनकासुन्दरी मा. बि.लुड्कू		200000
शिक्षा सम्बन्धी विविध कार्यक्रम वडा नं. १	श्री कालिका आधारभुत विद्यालय मार्फन	अध्यक्ष	150000
स्वास्थ्य संस्थालाई कार्यालय व्यस्थापन खर्च र अन्य गा.पा. भित्रका कार्यक्रम	हाँटसिंजा स्वास्थ्य चौकी	हाँट सिंजा स्वास्थ्य चौकी	100000
विद्यालय कक्षा कोठा निर्माण (२ कोठे तथा ४ कोठे)	पाण्डवगुफा मा.वि.कोटघर		3600000
गोठीज्युला देखी वडा नं ८ का सबै बस्तिहरुमा मालिकाबोता बत्ती जडानको लागि तार पोल खरिद वडा नं ८	रोत नौमुलि जलविद्युत नि.उ.स.		600000
उपभोक्ता समितिलाई क्षमता विकास तालिम वडा नं ६	गजेन्द्र महाल		100000
सवारी साधन मर्मत खर्च	डम्बर बहादुर बुढा		50000
इन्धन (कार्यालय प्रयोजन)	दान बहादुर बुढा		25000
सुरक्षित नागरिक आवास कार्यक्रम :- कर्णाली प्रदेशको जुम्ला जिल्ला क्षेत्र नं. १ अन्तर्गत कनकासुन्दरी गाउँपालिका- ६३ वटा	गणेश बहादुर शाही		25000
सुरक्षित नागरिक आवास कार्यक्रम :- कर्णाली प्रदेशको जुम्ला जिल्ला क्षेत्र नं. १ अन्तर्गत कनकासुन्दरी गाउँपालिका- ६३ वटा	नन्द कली थापा		25000
सुरक्षित नागरिक आवास कार्यक्रम :- कर्णाली प्रदेशको जुम्ला जिल्ला क्षेत्र नं. १ अन्तर्गत	प्यारीलाल दमाई		25000

कनकासुन्दरी गाउँपालिका- ६३ वटा			
	जम्मा		20833071

सैद्धान्तिक बेरुजु

३७ **फोहरमैला व्यवस्थापन**

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरूले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३८ **आन्तरिक आय**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले आन्तरिक आयतर्फ शीर्षक गत लक्ष्य तथा वास्तविक प्राप्ति सुत्रमा प्रविष्टी गरेको छैन । यस वर्ष आन्तरिक आयतर्फ पालिकाले रु. १८२५००० प्राप्त गरेको छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा गरेको कूल चालु खर्च रु. ३२०४८९३१३ रहेकोमा आन्तरिक आयको हिस्सा ०.५६% रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पर्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

३९ **राजस्व अभिलेख**

कार्यालयले स्वीकृत म.ले.प. फारमहरुको प्रयोग गरी राजस्व आम्दानीको निर्णयदेखि असुली तथा दाखिलासम्मका अभिलेख व्यवस्थित गरी श्रेस्ता राख्नुपर्दछ । पालिकाले यस वर्ष रु. १८२५००० राजस्व आम्दानी गरेकोमा स्वीकृत म.ले.प. फारमहरुको प्रयोग गरी व्यवस्थित अभिलेख राखेको नपाइएकोले स्थानीय तहको वास्तविक राजस्व असुली र दाखिला यकिन हुन सकेन । पालिकाले राजस्वसम्बन्धमा आन्तरिक नियन्त्रण पद्धति सुदृढ गरी आन्तरिक आयको उचित अभिलेखाङ्कन तथा परिचालन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४० **वित्तीय समानीकरण अनुदानको बचत रकम आन्तरिक श्रोतमा आम्दानी**

नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७८।३।२७ च.नं. १२१ को परिपत्र तथा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७८।३।३० च.नं. ५६३ को वित्तीय समानीकरण अनुदानको प्रयोग सम्बन्धमा उल्लेख गरिएको परिपत्रअनुसार नेपाल सरकारलाई स्थानीय तहबाट उपलब्ध हुने वित्तीय समानीकरण अनुदानको रकम प्रशासनिक खर्चको प्रयोजनमा प्रयोग गर्न नमिल्ने र स्थानीय तहले आफ्नो आन्तरिक श्रोत र राजस्व बाँडफाँडको रकमबाट मात्र आफ्नो प्रशासनिक खर्च गर्नुपर्ने व्यवस्था रहेको देखिन्छ । पालिकाले आ.व. ०७८।७९ को वित्तीय समानीकरण अनुदानको बचत रु. ४१३०१३७४ चालु आ.व. ०७९।८० मा आन्तरिक श्रोततर्फ आम्दानी बाँधेर प्रशासनिक खर्च लागायतमा खर्च गरेको नियमसम्मत देखिएन। यसमा सुधार हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४१ **प्राकृतिक श्रोत उत्खनन कार्ययोजना**

ढुङ्गा, गिट्टी, वालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा ४ मा गाउँपालिका वा नगरपालिकाले नदीजन्य पदार्थको सङ्कलन, उत्खनन् र बिक्री गर्दा उत्खनन् र सङ्कलन सम्बन्धी कार्ययोजना तयार गरी गाउँ वा नगर कार्यपालिकाबाट स्वीकृत गर्नु पर्ने, प्रचलित कानून बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन तयार गरी अधिकार प्राप्त निकायबाट स्वीकृत गर्ने, गराउने, प्रत्येक वर्ष ठेक्का वन्दोवस्त गर्नुपूर्व स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लिखित परीमाणलाई स्थलगत प्राविधिक अध्ययनको आधारमा अध्यावधिक गरी पुनः यकिन गर्ने, गाउँसभा वा नगरसभाद्वारा स्वीकृत दरमा उत्खनन्, सङ्कलनको अनुमती र बिक्रीको लागि ठेक्का व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष नदीजन्य पदार्थ उत्खनन सम्बन्धी कार्ययोजना तयार गरेको पाइएन । समयमा नै कार्ययोजना तयार गरी वातावरणीय अध्ययन प्रतिवेदन अनुसारको परिमाणमा नदीजन्य पदार्थको उत्खनन, घाटगद्दी र निकासी गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४२ **प्रतिवेदन**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ मा प्रमुख प्रशासकीय अधिकृतले पालिकाको कोषबाट खर्च भएको रकमको चौमासिक प्रगति त्यस्तो अवधि समाप्त भएको पन्ध्र दिनभित्र कार्यपालिकाको बैठकमा पेश गर्नुपर्ने आफ्नो आय र व्ययको विवरण प्रत्येक महिनाको सात गतेभित्र सार्वजनिक गर्नुपर्ने स्थानीय सञ्चित कोषमा भएको आय–व्ययको चौमासिक शीर्षकगत विवरण तयार गरी संघीय अर्थ मन्त्रालय प्रदेश अर्थ मन्त्रालय मन्त्रालय तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनुपर्ने व्यवस्था रहेकोमा उक्त व्यवस्था बमोजिम प्रतिवेदन गरेको देखिएन । ऐनको व्यवस्थाको पालना हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४३ **वार्षिक खरिद योजना**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. १३ करोड ७४ लाख ८६ हजार पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४४ **ठेक्का अभिलेख खाता**

कार्यालयले ठेक्का सम्झौताबाट भएको कामको अभिलेख म ले प फारम नं ५०६ बमोजिमको ढाँचामा ठेक्कागत अभिलेख खाता र म ले प फारम नं ५०७ बमोजिम ठेक्का सम्बन्धी गोश्वारा लगत राख्नुपर्ने व्यवस्था छ । निर्माण कार्यको विस्तृत अभिलेखाकनका लागि प्रयोग गरिने ठेक्का सम्बन्धी गोश्वरा लगत (म.ले.प.फा.नं. ५०७) अभिलेख राखिएमा कुल गर्नुपर्ने, हालसम्म भएको कामको परिमाण र मूल्य सजिलै जानकारी हुने, कार्य सम्पादन जमानत, पेश्की लिन पेश गरेको बैंक ग्यारेण्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएसन आदिको जानकारी हुने हुन्छ । पालिकाले म ले प फा नं ५०६ बमोजिमको ढाँचामा ठेक्कागत अभिलेख खाता र म ले प फा नं ५०७ बमोजिम ठेक्का सम्बन्धी गोश्वारा लगत राखेको देखिएन । पालिकाले म ले प फारम नं ५०६ बमोजिमको ढाँचामा ठेक्कागत अभिलेख खाता र म ले प फारम नं ५०७ बमोजिम ठेक्का सम्बन्धी गोश्वारा लगत तयार गरी अद्यावधिक राख्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४५ **भुक्तानीमा कर**

आयकर ऐन, २०५८ को दफा ८९ (३क) अनुसार उपभोक्ता समितिमार्फत काम गराउने गरी गरिएको पचास लाख रुपैयाँभन्दा बढीको रकममा एक दशमलब पाँच प्रतिशतका दरले करकट्टी गर्नु पर्ने व्यवस्था छ । देहाय अनुसार रु. ५० लाख भन्दा बढी लागत अनुमान

भएका निर्माण कार्यको उपभोक्ता समितिसँग भएको सम्झौता अनुसार रकम भुक्तानी गर्दा अग्रीम आयकर वापत १.५ प्रतिशतले हुने रु. ३१९८९५.२८ कट्टा नगरी भुक्तानी गरेको असुल गर्नु पर्ने रु.

भौ.नं. मिति	उ.स. को नाम	लागत अनुमान	मूल्यांकन	भुक्तानी रकम	अग्रीम कर रू
१४-०८०।३।२१	कुकुरदुला रानीसैन खानेपानी तथा सरसफाई निर्माण उस	६३३६५५५	६२५९६६६	४४४३२१६	६६६४८.२४
२६२-०८०।३।४	कोल्ड स्टोर भवन निर्माण उस	७६३४३२३	७४६३३०८.५२	६११६२७६	९१७४४.१४
जम्मा					१५८३९२.३८

असुल गर्नुपर्ने	१,५८,३९२.३८

४६ **उपभोक्ता समितिलाई बढी मू.अ.कर भुक्तानी** (१७१/२०८०-३-२०):

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ अनुसार मू.अ.कर बिजक जारी भएको अवस्थामा मात्र मू.अ.कर भुक्तानी दिन मिल्ने तथा सोही ऐनको दफा १५ मा दर्ता नभएको व्यक्ति वा फर्मले मू.अ.कर उठाउन वा असूल गर्न नमिल्ने व्यवस्था छ । उपभोक्ता संस्थाहरू गैर नाफामूलक संस्था भएका र मू.अ.करमा दर्ता पनि नहुने तथा मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग कारोबार भएको बिजक बेगर कानुनतः त्यस्ता संस्थालाई मू.अ.कर भुक्तानी दिन मिल्ने देखिंदैन । पालिकाले फुटाशिला स्टिल ट्रस पुलको लागत अनुमान तयार गर्दा निमार्ण सामग्रीको मूल्यमा मू.अ.कर थप गरी लागत तयार गरी सोही दरमा उपभोक्ता समितिसँग सम्झौता गरी मूल्य अभिवृद्धि करवापतको रकम भुक्तानी दिएको छ । उपभोक्ता समितिले पेश गरेको बीजक अनुसार मू.अ. कर रू. २२९३५.७३ भुक्तानी हुनु पर्नेमा लागत अनुमान अनुसारकै मू.अ.कर रू. ३५८०१.४६ थप गरी भूक्तानी दिएकोले बढी मू.अ.कर भुक्तानी दाउको रु. १२८६५.७३ असूल हुनुपर्ने देखिएको रु.

असुल गर्नुपर्ने	१२,८६५.७३

४७ **संस्थागत क्षमता तथा वित्तीय सुशासन जोखिममूल्याङ्कन**

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ८० को प्रयोजनका लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि,२०७७ तर्जुमा गरेको छ । जसमा स्वमूल्याङ्कनमा १० वटा विषयक्षेत्रहरु र प्रत्येक विषयक्षेत्रहरुको ३ वटा मूल्यांकनका तहहरु रहेका छन् । कार्यालयको आर्थिक वर्ष २०७८।७९ को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कनमा ७२% अंक प्राप्त गरेको छ । ७५३ स्थानीय तहहरुको औसतमा ६४.३६% अंक रहेको छ भने उच्च अंक प्राप्त गर्ने पालिकाले ९७.५% अंक प्राप्त गरेको छ ।

स्थानीय तह वित्तीय सुशासन जोखिममूल्याङ्कन: स्थानीय तहको वित्तीय प्रणाली व्यवस्थित, पारदर्शी, विधिसम्मत र प्रभावकारी बनाउन स्थानीय वित्त व्यवस्थापनका सम्भावित जोखिमका क्षेत्रहरूको पहिचान गरी यसको लेखाजोखाको माध्यमबाट स्थानीय तहको वित्तीय सुशासनलाई संस्थागत गर्न सामान्य प्रशासन मन्त्रालयले स्थानीय तह वित्तीय सुशासन जोखिममूल्याङ्कन कार्यविधि, २०७७ तर्जुमा गरेको छ। पालिका आर्थिक वर्ष २०७८।७९ को स्थानीय तह वित्तीय सुशासन जोखिममूल्याङ्कनमा ५२.८३% अंक प्राप्त गरेको छ । ७५३ स्थानीय तहहरुको औसतमा ५८% अंक रहेको छ भने उच्च अंक प्राप्त गर्ने पालिकाले १००% अंक प्राप्त गरेको छ ।

पालिकाले संस्थागत क्षमता स्वमूल्याङ्कनमा औषतभन्दा बढी तथा वित्तीय सुशासन जोखिममूल्याङ्कनमा औषतभन्दा कम अंक प्राप्त गरेको छ । कम अंक प्राप्त भएका विषयक्षेत्रहरुको अवस्थामा सुधार गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४८ **अनुदान फिर्ता**

विनियोजनऐन २०७९ दफा ४(१२)अनुसार संघ सरकारबाट वित्तीय हस्तान्तरण भएका सशर्त, समपुरक तथा विशेष अनुदानको रकम असार मसान्तसम्म खर्च नभई बचत भएमा सम्बन्धित स्थानीय तहले त्यस्तो रकम संघीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । प्रदेश विनियोजन ऐन २०७९ दफा ४(११) अनुसार प्रदेश सरकारबाट वित्तीय हस्तान्तरण भएका सशर्त, समपुरक तथा विशेष अनुदानको रकम असार मसान्तसम्म खर्च नभईबचत भएमा सम्बन्धित स्थानीय तहले त्यस्तो रकम प्रदेश लेखा इकाई कार्यालय मार्फत प्रदेश सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष सशर्त, समपुरक तथा विशेष अनुदानतर्फको खर्च नभई बचत रकम संघीय संचित कोषमा रु. ९९०३८२६ मिति २०८०।४।४ मा तथा प्रदेश सञ्चित कोषमा रु. १७६९८४३ मिति २०८०।४।९ मा फिर्ता गरेको छ । संघीय सरकारतर्फको फिर्ता गर्नुपर्ने बाँकी अनुदान रकम रु. ८७७३१५९ यस आर्थिक वर्ष ०८०।८१ मा चालुतर्फ अनुदान फिर्ता शीर्षकमा बजेट विनियोजन गरी २०८०।६।१४ मा संघीय सञ्चित कोषमा फिर्ता गरेको छ । आर्थिक वर्षको अन्तमा अनुदान फिर्ताको रकम फिर्ता गरी सेस्ता अद्यावधिक गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४९ **मालसामान खरिदका लागि कर्मचारी पेश्की**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी नियमावली २०७७ को नियम ४९ मा व्यवस्था भए अनुसार बिक्रेताबाट सोझै मालसामान खरिद गर्न नसकिने अवस्था भएमा मात्र कार्यालय प्रमुखले कारण उल्लेख गरी कर्मचारी पेश्की दिन सकिने व्यवस्था उल्लेख छ । पालिकाले सुचिकृत आपूर्तिकर्ताहरू रहेको अवस्थामा पनि मालसामान खरिदको लागि कर्मचारी पेश्की दिएको देखियो । मालसामान खरिदको लागि कर्मचारी पेश्की भुक्तानी नियम संगत नदेखिएको रु.

भौ. नं.	विवरण	खरिद रकम
९५।२०७९।९।१९ गा पा पूँजीगत	ल्यापटप, फर्निचर लगायतका सामान खरिदका लागि पूर्णप्रसाद हमाललाई पेश्की	४५१७७०

अनियमित भएको	४,५१,७७०

५० **जोखिममा रहेको पेश्की**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ (५) अनुसार सार्वजनिक निकायले पेश्की दिएको रकम सम्झौतामा उल्लेख भए बमोजिम बिलबाट कट्टा गर्नुपर्ने व्यवस्था उल्लेख छ । कार्यालयले गोठीज्युला देखी वडा नं ८ का सबै बस्तिहरूमा मालिकाबोता बत्ती जडानको लागि तार पोल खरिद कार्यका लागि रोत नौमुलि जलविद्युत नि.उ.स.लाई आ.व. ०७८।७९ मा दिएको अग्रिम पेश्की रु ६००००० दिएकोमा हाल सम्म कार्यप्रगति नभएकोले पेश्की जोखिममा रहेको देखिएको छ । सम्झौता अनुसार कार्यसम्पन्न हुनुपर्ने अन्यथा पेश्की व्याजसहित असुल गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५१ **पेश्की बाँकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फर्स्यौट नभई रु. ११२४६८२४ बाँकी रहेको देखिन्छ । सो मध्ये निम्नानुसारको म्याद नाघेको पेश्की रु. ८६८५७०० फर्स्यौट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फर्स्यौट गर्नुपर्ने रु.

(यस सम्बन्धि विवरण अनुसूचिमा उल्लेख छ ।)

पेश्की	८६,८५,७००

५२ **कर्मचारी प्रोत्साहन भत्ता**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । स्थानीय तहले

कानुन तथा कार्यविधि नबनाई रु १११३२१।-प्रोत्साहन भत्ता खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको छ । पालिकाको आन्तरिक आयलाई समेत विचार गरी कानुन बमोजिम खर्च लेख्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५३ **कानुनी सल्लाहकार**

कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन, २०७५ मा पदाधिकारीहरूको लागि स्वकीय सचिव र सल्लाहकार राखी पारिश्रमिक दिने व्यवस्था छैन। सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७७।११।२५ को परिपत्र अनुसार मापदण्ड बनाई यस्तो खर्च लेख्ने उल्लेख गरे तापनि सो अनुसार मापदण्ड बनाएको देखिएन ।पालिकाले यस वर्ष श्री दिल बहादुर महतलाई कानूनी सल्लाहकार नियुक्त गरी मासिक रू. १५०००।- का दरले वार्षिक रु. १८००००।- पारिश्रमिक भुक्तानी दिएको छ ।यसरी कानुनी सल्लाहकारको रुपमा निजले पालिकाको तर्फबाट गरेको बहस पैरबी तथा परामर्श सम्बन्धी कुनै अभिलेख देखिदैन ।सल्लाहकार नियुक्ति गर्दा स्पष्ट कार्य विवरण तयार गरी सोको मूल्याङ्कनको आधारमा भुक्तानी दिने व्यवस्था गर्नुपर्ने देखिन्छ। कानुनी सल्लाहकारले कार्य विवरण तयार नगरेको तथा निजको कार्य सम्पादनको अभिलेख समेत नरहेकोले निजलाई भुक्तानी दिने आधार नदेखिको रु.

अनियमित भएको	१,८०,०००

५४ **गत आर्थीक वर्षको चालु दायित्व**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(२) अनुसार कार्यालयले चालु आर्थिक वर्षको विनियोजित बजेटले नखाम्ने र बढी खर्च हुने गरी दायित्व सिर्जना गर्न नहुने व्यवस्था उल्लेख छ ।सोही नियमावलीको ३९(१५) अनुसार दायित्व सिर्जना भई भुक्तानी दिन बाँकी विवरणमा समावेश मध्ये तलब, भत्ता, घर भाडा, सरुवा भ्रमण खर्च, पोषाक, राशन, खाद्यान्न, सिधा, औषधि उपचार खर्च, सेवा निवृत्त सुविधा, स्वीकृत वार्षिक कार्यक्रम अनुसार सम्झौता भएका खर्चहरू मात्र भुक्तानी दिन मिल्ने र उल्लेखित खर्च बाहेक अन्य खर्चको भुक्तानी दिन मिल्ने व्यवस्था छैन ।पालिकाको गो.भौ.नं. ७८६ मिति २०८०।३।२३ बाट ३८ जना पूर्व जनप्रतिनिधिहरूलाई रु. १३६९५००।- र गो.भौ.नं. ७९८।२०८०।३।२४ बाट पालिकाको कर्मचारीहरूलाई २२८०००।– गरि रु१५९७५००।- गत आ व को बैठक भत्ता वापत भुक्तानी गरेको छ । तसर्थ यस्तो भुक्तानी नियमसम्मत नदेखिएको रु

अनियमित भएको	१५,९७,५००

५५ **कार्यक्रम सञ्चालन तथा भरपाई**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७६ को नियम ३९(५) अनुसार कार्यालयले स्वीकृत बजेट खर्च गर्दा खर्चको बील भरपाई एवं खर्चको प्रष्ट्याई प्रमाण सबै संलग्न गरी खर्च लेख्नुपर्दछ । उक्त नियमावली को नियम ३६(७)(८) मा सरकारी निकायबाट कुनै तालिम, सेमिनार, गोष्ठी, कार्यशाला गोष्ठी आदि सञ्चालन गर्नु पर्दा सो कार्यको कार्यक्रम तथा लागत अनुमान तयार गरी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराउनु पर्नेछ । यस्तो स्वीकृत कार्यक्रम अनुरुप सञ्चालित तालिम, सेमिनार, गोष्ठी, कार्यशाला गोष्ठी आदि सम्पन्न भइसकेपछि कार्यक्रम अनुरुप कार्य सम्पन्न भए नभएको र त्यसमा खर्च गरिएका मालसामानको विवरण तथा बील भरपाई सहितको खर्च देखिने गरी प्रतिवेदन तयार गर्नु पर्ने उल्लेख छ । तर कार्यालयले शिक्षा, लघु उद्यम विकास, प्रधानमन्त्री युवा स्वरोजगार, प्रधानमन्त्री कृषि, स्वास्थ्य सम्बन्धी विभिन्न कार्यक्रम, तालिम र गोष्ठी सञ्चालन गरेको कार्यक्रम तथा लागत अनुमान तयार गरी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराएको तथा त्यसमा सहभागीहरूलाई वितरण गरेको स्टेशनरीको भर्पाइ राखेको पाइएन । यसरी नियममा भएको व्यवस्थाको पालना नहुदाँ कार्यक्रम तथा गोष्टीहरू स्वीकृत कार्यक्रम अनुसार भएको र खरिद गरेको स्टेशनरी सहभागिहरूलाई वितरण गरेको कुरा यकीन गर्नसक्ने देखिएन ।

सैद्धान्तिक बेरुजु

५६ **बिल भरपाई वेगर भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बील भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ ।देहायका क्रियाकलापसंग सम्बन्धित बील भौचर प्रमाण संलग्न नभई भुक्तानी गरिएकोले प्रमाण पेश गर्नुपर्ने रु.

क्र सं	गो.भौ.नं. मिति	बजेट शीर्षक	विवरण	लागत
१	७१५। २०८०।३। १९	शिक्षा विविध कार्यक्रम	विद्यालय निर्माण कार्यशाला गोष्ठि सञ्चालनको पेश्की फस्र्छौट वापत विद्यालय कर्मचारी हरिचरण कार्कीलाई भुक्तानी भएकोमा रु. १०५०० को बील भरपाई नभएको	१०५००।-

प्रमाण पेश नगरेको	१०,५००

५७ प्रशासकिय संगठन र कर्मचारी व्यवस्था

५७.१ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ६८ जनाको दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिसम्म प्रमुख प्रशासकीय अधिकृत सहित ५८ जना पदपूर्ति भएको देखिन्छ ।लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका शाखा अधिकृत, शिक्षा अधिकृत, ईन्जिनियर, सब-इन्जिनियर सहित १० पदहरू रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरू यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५७.२ **कर्मचारी व्यवस्था** -स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा 83 (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन । पालिकाले उल्लेखित पदहरूमा बाहेक कर्मचारी करारमा नियुक्त गरी तलव भत्ता रु १५५९६६५१।- भुक्तानी गरेको पाइयो । कार्यबोझको आधारमा O&M स्वीकृत गरी कानुन बमोजिम पारदर्शी हिसाबले कर्मचारी नियुक्ती गरी तलब भत्ता खर्च लेख्नुपर्नेमा पालिकाले सो अनुसार गरेको पाइएन । ऐनको व्यवस्था विपरित करारमा कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमसम्मत नदेखिएको रु.

पद	नियुक्ति संख्या	तलव भत्ता रु.
इन्जिनियर	१ जना	७२४६७७।-
सूचना प्रविधि अधिकृत	१ जना	५६७९५७।-
कृषि अधिकृत	१ जना	५६७९५७।-
सहायक कम्प्युटर अपरेटर	१ जना	३४५९३०।-
सब इन्जिनियर	२ जना	७४३८६०।-
असिस्टेन्ट सब इन्जिनियर	७ जना	२४२१५१०।-
अ.हे.व.	८ जना	२७८८११०।-
ल्याव असिस्टेन्ट	३ जना	१०३७७९०।-
अ. न. मी.	१० जना	३४५९३००।-
नेत्र सहायक	१ जना	४५५०००।-
ना. प्रा. स.	५ जना	२१३८६३०।-
रेडियोग्राफर	१ जना	३४५९३०।-
	जम्मा	१५५९६६५१ ।-

अनियमित भएको	१,५५,९६,६५१

५८ वितरणमुखी खर्च

५८.१ वितरणमुखी कार्यक्रमः स्थानीय तहले योजना छनोट गर्दा रोजगारी सृजना हुने जनताको जीवनस्तर उठाउने आयआर्जन सँग प्रत्यक्ष सम्बन्ध भएका र पूर्वाधार विकासको योजनाहरूको छनोटमा ध्यान दिनु पर्दछ। पालिकाले संघीय सरकारबाट सीमित स्रोत प्राप्त गर्ने र आफ्नो आन्तरिक स्रोत पनि सीमित रहेको अवस्थामा सीमित स्रोतको अधिकतम उपयोग हुने गरी उल्लेखित विषयहरूमा केन्द्रित भई योजना कार्यान्वियन गर्नु पर्नेमा वितरणमुखी योजना र कार्यक्रमहरू सञ्चालन गर्ने गरेको देखियो। यस्तो खर्चमा नियन्त्रण हुनु पर्दछ।यसका केही उदाहरण देहाय अनुसार छनः

क्र.सं.	गो.भौ.नं./मिति	कार्यक्रम	विवरण	खर्च रकम
१	८३३। २०८०।३। २९	ज्येष्ठ नागरिक कार्यक्रम	छाता वितरण कार्यक्रम	१०००००
२	६८४। २०८०।३। १५	फरक क्षमता भएका व्यक्ति लक्षित कार्यक्रम	कासको थाल वितरण कार्यक्रम	५००००
३	८३४। २०८०।३। २१	महिला उत्थान कार्यक्रम	गणतन्त्र दिवसको अवसरमा वडाको बाटो घरआगन सरसफाई कार्यक्रम गर्दा गा.पा.उपाध्यक्ष तथा प्रमुख प्रशासकीय अधिकृत लगायतका प्रतिनिधिहरूलाई भत्ता वितरण साथै आफ्नै घर आगन तथा वडाको सरसफाईमा सहभागी भएवापत सहभागीलाई यातायात खर्च भुक्तानी गरेको	१६६०००
४	३६५।१२।९	ज्येष्ठ नागरिक सम्मान कार्यक्रम	डस्ना वितरण कार्य	३०००००

सैद्धान्तिक बेरुजु

५८.२ पालिकाले गो.भौ.नं. ८६९।२०८०।३।२४ विविध कार्यक्रम सञ्चालन शीर्षकबाट ओखर फुटाउने मेशिन र तेल पिस्ने मेशिन खरिद वापत शाक्य ईन्जिनियरिङलाई रु. ६०००००।- भुक्तानी दिएको छ । लेखापरीक्षण अवधिसम्म पनि उक्त मेशिन सञ्चालनमा आएको देखिएन ।पालिकाले हालसम्म मेशिन सञ्चालन सम्बन्धी कुनै कार्यविधि बनाएको पाईएन। यसरी आर्थिक वर्षको अन्त्यमा बजेट सक्ने मनाशयले खरिद कार्य गरी सञ्चालनमा ल्याउन नसकेको कार्यका लागि सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ । यस्ता मेशिनरी औजारको वारेन्टी अवधि समेत निश्चित अविधसम्म हुने भएकोले मशिन सञ्चालन गरी सेवा प्रवाह भएको प्रमाण पेश हुनु पर्ने रू.

प्रमाण पेश नगरेको	६,००,०००

५९ **हाटसिंजा पोषण केन्द्र**

समुदायमा पोषणको महत्व बुझाई ५ वर्ष मुनिका बालबालिकामा देखिने कुपोषणको दर घटाउने र कुपोषणका कारण हुने अपांगता र बाल मृत्युदर न्यून गर्ने उद्देश्यकासाथ पालिकाद्वारा समुदायमा आधारित पोषण केन्द्र सञ्चालन निर्देशिका जारी गरी हाटसिंजा पोषण केन्द्रको स्थापना र सञ्चालन गरेको पाइयो । २०८० बैशाख देखि पोषणको अभाव भएका बालबालिका छनोट कार्य सुरु गरेको र २०८०।२।४ गते देखि मात्र सञ्चालनमा आएको पोषण केन्द्रमा ४०० बालबालिकालाई परीक्षण गर्दा जेठ महिनामा ११ र असार महिनामा १० गरी आ.व. २०७९।८० मा २१ पोषणको कमी भएका बालबालिकालाई उक्त पोषण केन्द्रमा राखी सेवा दिएको देखिन्छ । निर्देशिकामा बमोजिम बालबालिकाहरूलाई ख्वाईने पोषणयुक्त खानेकुरामा समुदायको पनि सहभागिता हुनुपर्ने प्रावधान रहेकोमा सो बमोजिम खाद्यान्न आपूर्तिमा अविभावकको योगदान रहेको पाइएन । पोषण केन्द्रको दिगो सञ्चालन तथा समुदायको केन्द्रप्रतिको अपनत्वका लागि आफ्ना बालबालिकालाई चाहिने खाद्यान्न आपूर्तिमा अभिभावकको समेत योगदान आवश्यक देखिन्छ । निर्देशिका बमोजिम बालबालिकालाई ३ हप्ता पोषणकेन्द्रमा राख्नु पर्ने व्यवस्था रहेकोमा त्यस पछि बालबालिकाको पोषणको अवस्था बारे नियमित अनुगमन तथा जाँच गरेको पाइएन । यसमा सुधार हुनु पर्दछ ।

कार्यक्रम सञ्चालनको झलक

२०८० जेठ ४ गते देखि सञ्चालनमा आएको पोषण केन्द्रका लागि २०७९।७।५ मा सम्झौता भई २०७९ साउन देखिनै लागु हुनेगरी सहजकर्ता र भान्से कर्मचारी करारमा नियुक्त गरेको कार्य उपयुक्त देखिदैन ।

कर्मचारीको नाम र पद	करार सम्झौता गरेको मिति	मासिक तलब	तलब भुक्तान भएको अवधि
सहजकर्ता जुनु रोकाया	२०७९।७।५	२००००।-	२०७९ साउन देखि २०८० असार
सहजकर्ता रेनुका केसी	२०७९।७।५	२००००।-	२०७९ साउन देखि २०८० असार
भान्से सुमित्रा शाही	२०७९।९।२०	१३०००।-	२०७९ साउन देखि पुससम्म

बैशाख देखि बालबालिका छनोट कार्य शुरु गरेका तथा २०८० जेठ देखि मात्र सञ्चालनमा आएको पोषणकेन्द्रका लागि २०७९ साउन देखि २०७९ चैतसम्मको कर्मचारीको नियुक्ति तथा तलब भुक्तानी रकम अनियमित देखिएको रु

अनियमित भएको	४,३८,०००

६० कृषि क्षेत्र विकास कार्यक्रम

नेपाल सरकार पशुपन्छी विकास मन्त्रालय अन्तर्गतको कृषि क्षेत्र विकास कार्यक्रम वीरेन्द्रनगर सुर्खेतबाट कृषि तथा पशुपन्छी विकास शाखाको सेवा प्रवाह क्षमताको प्रभावकारिता अभिवृद्धि र सवलीकरणमा सहयोग पुर्याउने उद्देश्यले पालिकासंग रु. १००००००।- को सम्झौता भई रु. ९८७३७३।- खर्चको सोधभर्ना भएकोमा सक्कल बील भर्पाई तथा श्रेस्ता समेत कृषि क्षेत्र विकास कार्यक्रम वीरेन्द्रनगर सुर्खेतमा पठाइएको हुँदा श्रेस्ता पेश भएन । खर्च गर्ने कार्यालयबाटै लेखापरीक्षण हुने व्यवस्था हुनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

६१ जरिवाना भुक्तानी

८३८।२०८०।३।३० कार्यालयले सवारी साधन नवीकरण समयमा समयमा गरी सरकारले उपलब्ध गराएको छुटको सुविधा लिनुपर्नेमा ढिलो गरी भुक्तानी गर्दा विलम्ब शुल्क रू. ३१०८०।- समेत विलम्ब शुल्क समेत भुक्तानी गरेको छ । कार्यालयले थप व्ययभार नपर्ने गरी नतिर्ने सवारी साधन नवीकरण गर्ने गरी आन्तरिक नियन्त्रण प्रणाली बनाउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

६२ सामान खरिदमा गुणस्तर परीक्षण

सार्वजनिक खरिद नियमावली, २०६४ नियम ११५ अनुसार सार्वजनिक निकायलाई प्राप्त हुने मालसामान तोकिएको स्फेसिफिकेशन तथा गुणस्तर अनुसार भए नभएको गुणस्तर निरीक्षण समितिले निरीक्षण वा परीक्षण गर्नुपर्ने तथा सो को प्रतिवेदन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले टुक्रे खरिद गर्दा अधिकांशमा स्फेसिफिकेशन नखुलाई खरिद गरेको तथा स्फेसिफिकेशन तथा गुणस्तर परीक्षण गरेको देखिएन । स्फेसिफिकेशन स्पष्ट खुलाउने तथा स्फेसिफिकेशन तथा गुणस्तर परीक्षण गराउनेतर्फ कार्यालयले ध्यान दिएको समेत पाइएन । तसर्थ मालसामानको प्रकृतिअनुसार तुलनात्मक तालिका वा परीक्षण सूची (check list) सहितको प्रतिवेदन प्राप्त गरी मालसामान दाखिला तथा भुक्तानी गर्ने व्यवस्था मिलाउनु पर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

६३ १५ शैयाको अस्पताल भवन निर्माण

कनकासुन्दरी गाउँपालिकामा निर्माण हुने १५ शैयाको अस्पताल भवन निर्माण कार्यको लागि आ. व. २०७८।७९ मा ठेक्का व्यवस्थापन भई डिपिआर लक्ष्मी मजदुर जे.भी.ले कवोल गरेको रु १५१४३१७९८।६७ मा ठेक्का सम्झौता भएको छ । सम्झौता मितिले ३६ महिना भित्र कार्य सम्पन्न गर्ने गरी मिति २०७८ माघ २७ गते मा सम्झौता भएकोमा आ.व. २०७८।७९ मा पेश्की वापत रू. १२८३१९१३।– भुक्तानी भएको छ । लेखापरीक्षणको क्रममा कार्यालय प्रमुख, लेखा प्रमुख, प्राविधिक र लेखापरीक्षण टोली सहित २०८० भदौ २८ गते स्थलगत निरीक्षण गर्दा १५ शैयाको अस्पतालको बेसमेन्ट अर्थवर्क स्काभेसनको मात्र काम मात्र भएको पाइयो । मजदुर कन्ष्ट्रक्सनका प्रवन्ध निर्देशकको २०८० जेठ १४ गते निधन भए पछि निर्माण स्थलमा निर्माण व्यवसायीको उपस्थिति नभएको पालिकाको भनाइ रहेको छ । सम्झौता अविधि ५५ प्रतिशत समाप्त हुँदा भौतिक प्रगति नभएको निर्माण कार्य तोकिएको समय भित्रै काम सम्पन्न गर्न पालिकाले पहल गर्नुपर्दछ ।



निर्माण स्थल र हालसम्म भएको कामको अवस्था

सैद्धान्तिक बेरुजु

६४ **कोल्डस्टोर भवन निर्माण**

जलबायु उत्थानिशल विकास सम्बन्धी तोकिएको क्रियाकलाप सञ्चालनको लागि संघीय सरकारबाट हस्तान्तरित कार्यक्रमबाट कोल्ड स्टोर भवन निर्माणको लागि उपभोक्ता समितिसँग लागत अनुमान रू. ७६३४३२३।– भएको निर्माण कार्य २०८०।३।१० गते भित्र सम्पन्न गर्ने गरी मिति २०७९।११।२९ मा कार्यादेश दिएको छ । तोकिएको समय भित्र निर्माण सम्पन्न गरी उक्त कार्यको रू. ७४६३३०८।५२ भएको छ । मूल्यांकन अनुसार उपभोक्ता समितिको योगदान कट्टा गरी कुल ६३२८९८४।– भुक्तानी भएको देखिन्छ । निर्माण कार्य सम्पन्न भए पनि कोड स्टोर सञ्चालनको कार्यविधि तयार नगरेको कारण लेखापरीक्षणको अविधिसम्म सञ्चालनमा आउन सकेको छैन । निर्माण सम्पन्न भएको कोल्डस्टोर सञ्चालनको कार्यविधि तयार गरी स्थानीय जनताको हित हुने गरी निर्माण सम्पन्न भएको कोल्डस्टोर सञ्चालनमा ल्याउन पालिकाले पहल गर्नु पर्ने देखियो ।

सैद्धान्तिक बेरुजु

६५ **लागत अनुमान भन्दा घटी सामग्री प्रयोग गरेको** (177-२०८०-३-२३):

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ अनुसार खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सो सम्झौता कार्यान्वयनको क्रममा सृजना भई ऐनको दफा ५४ बमोजिम सार्वजनिक निकायले भेरिएसन आदेश जारी गर्नुपर्ने भएमा यस नियमावली बमोजिमको प्रकृया पुरा गरी जारी गर्नुपर्ने व्यवस्था छ । सो व्यवस्था अनुसार निर्माण कार्यको ड्रइङ, डिजाइन तथा स्पेशिफिकेशन आदि बदल्नु पर्ने वा नपर्ने र बदल्नु पर्ने भएमा निर्माण कार्यको आधारभूत प्रकृति वा क्षेत्र परिवर्तन हुने वा नहुने कुरा, भेरिएसन परिमाणको प्राविधिक पुष्ट्याइँ र कारण, लागत अनुमानमा प्रभाव पार्ने भए सोको प्रतिशत र स्वीकृत बजेट तथा कार्यक्रममा परे वा नपरेको कुरा भेरिएसन गर्ने अधिकार भएको सार्वजनिक निकायको प्रमुखले प्रमाणित गरेको हुनु पर्ने व्यवस्था छ । कुलदेव

आधारभूत विद्यालयमा २ कोठे कक्षा कोठा निर्माण कार्यको लागत अनुमान रू. ३३२३३७०।- भएको निर्माण कार्य रू. ३००५९७३।- मा निर्माण सम्पन्न गरेको छ । निर्माण कार्यको लागत अनुमान मा Brick Mossonary 1:6 कार्य २२.६७ घनमिटर र Stone mossonary कार्य २८.२९ घनमिटर गर्ने गरी स्वीकृत भएको छ । उपभोक्ता समितिले Stone mossonary कार्य नगरी Brick Mossonary 1:6 कार्य २२.६७ घनमिटरलाई बढाएर ३४.१६ घनमिटर गरेको नापीमा समावेश गरेको छ ।यसरी काम परिवर्तन गर्दा नियमानुसार भेरिएसन समेत स्वीकृत गराएको छैन । ३४.१६ घनमिटर Brick Mossonary कार्यको लागि नर्म्स अनुसार ५६० को दर १९१३० वटा इटा आवश्यक पर्नेमा शिवालय कालिका ट्रेडर्सबाट ४६०० वटा र पानस इटा उद्योगबाट ७००० वटा समेत ११६०० वटा मात्र इटा खरिद गरेको छ ।उक्त परिमाण इटाबाट २०.७१ घनमिटर इटाको गारो लगाउने कार्य हुने हुँदा १३.४४ घनमिटर इटाको गारो लगाउने कार्य नापीको आधार पेश भएन । १३.४४ घनमिटरको प्रति घनमिटर रू. ३२१६४.६३ को दरले ४३२४७६.४२ काम भएको प्रमाण पेश हुनु पर्ने रू.

प्रमाण पेश नगरेको	४,३२,४७६.४२

६६ **टुल्सको दोहोरो भुक्तानी**

नेपाल सरकारको स्वीकृत नर्म्स अनुसार खन्ने पुर्ने कार्यमा ज्यामी ज्यालाको अतिरिक्त टुल्स बापत ज्यालाको ३ प्रतिशतले हुने रकम समेत समावेश गरेर दर विश्लेषण गर्नु पर्ने उल्लेख छ । उपभोक्ता समितिले देहाय अनुसार निर्माण कार्यमा टुल्स तथा इक्व्युप्मेट वापत छुट्टै बीजक पेश गरी भुक्तानी लिएको अवस्थामा दर विश्लेषणमा पुनः ज्याला रू. ८६०।– (खन्ने कार्य ०.७ र पुर्ने कार्य ०.५ मेनडेज) को ३ प्रतिशतले हुने रकम समेत थप गरेर भुक्तानी लिएकोले दोहोरो भुक्तानी भएको रकम असुल गर्नु पर्ने रू.

असुल गर्नुपर्ने	१,२२,४७०.६५

६७ **हेभी इक्विपमेण्टको प्रयोग**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरूले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । सिफारिस दिएकोमा समेत भुक्तानी दिने प्रयोजनको लागि मात्र सहमति दिने गरेको पाइयो ।

यस सङ्ग सम्बन्धित विवरण अनुसुचीमा संलग्न छ ।

सैद्धान्तिक बेरुजु

६८ **१५ शैयाको अस्पताल भवन निर्माण**

६८.१ कनकासुन्दरी गाउपालिकामा लागत अनुमान रू. १८ करोड ३४ लाख १३ हजार (मू.अ.कर र पीएस) समेतमा हुने १५ शैयाको अस्पताल भवन निर्माण कार्यको लागि आ. व. २०७८।७९ मा ठेक्का व्यवस्थापन भई टिडिआर लक्ष्मी मजदुर जे.भी.ले कवोल गरेको रु १५१४३१७९८।६७ मा ठेक्का सम्झौता भएको छ । सम्झौता मितिले ३६ महिना भित्र कार्य सम्पन्न गर्ने गरी मिति २०७८ माघ २७ गते मा सम्झौता भएकोमा आ.व. २०७८।७९ मा पेश्की वापत रू. १२८३१९१३।– भुक्तानी भएको छ । लेखापरीक्षणको क्रममा कार्यालय प्रमुख, लेखा प्रमुख, प्राविधिक र लेखापरीक्षण टोली सहित २०८० भदौ २८ गते स्थलगत निरीक्षण गर्दा १५ शैयाको अस्पतालको बेसमेन्ट अर्थ वर्क स्काभेसनको मात्र काम मात्र भएको पाइयो । मजदुर कन्ष्ट्रक्सका प्रवन्ध निर्देशकको २०८० जेठ १४ गते निधन भए पछि निर्माण स्थलमा निर्माण व्यवसायीको उपस्थिति नभएको पालिकाको भनाइ रहेको छ ।सम्झौता अविधि ५५ प्रतिशत समाप्त हुँदा भौतिक प्रगति नभएको निर्माण कार्य तोकिएको समय भित्रै काम सम्पन्न गर्न पालिकाले पहल गर्नु पर्दछ ।

निर्माण स्थल र हालसम्म भएको कामको अवस्था

सैद्धान्तिक बेरुजु

६८.२ पेश्की रकम जोखिममाः सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२ (क) मा सार्वजनिक निकायले खरिद सम्झौता पश्चात निर्माण व्यवसायीबाट अग्रीम बैंक जमानत लिई खरिद सम्झौताको रकमको २० प्रतिशतमा नवढ्ने गरी पेश्की दिन सकिने व्यवस्था छ । पालिकाले निर्माण व्यवसायी टिडिआर लक्ष्मी मजदुर जे.भी.लाई रू. १२८३१९१३।- पेश्की रकमको नेपाल बंगलादेश बैंकबाट जारी भएको उक्त रकमको पेश्की जमानतको म्याद २०७९।५।११ गते समाप्त भएकोले पेश्की रकम जोखिममा परेकोले नियमानुसार पेश्की जमानीको म्याद थप गर्नु पर्ने रू.

प्रमाण पेश नगरेको	१,२८,३१,९१३

६९ प्राविधिक बील र कार्य सम्पन्न

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बील वा अन्य कुनै बील बीजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरूबाट सञ्चालित योजनाको ठेक्का बीलहरूमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बीलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाइएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा एकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बील बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७० प्रमाण पेश नगरेको

आयकर ऐन, २०५८ को दफा ८७, ८८ र ८९ मा भुक्तानीमा अग्रीम कर कट्टा गर्नुपर्ने व्यवस्था छ। सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(४) अनुसार रनिङ बील वा अन्य बीजकको भुक्तानी दिदाँ सम्झौता अनुसार रिटेन्सन मनी बापतको ५% रकम कट्टी गरी धरौटी खातामा जम्मा गर्नुपर्ने व्यवस्था छ । पियालचौरदेखि गौरीसम्म ग्रामीण सडक निर्माण वडा नं. ३ (NCB/KSRM/Work/7/079/80) प्रदेश समपूरकको रनिङ्ग बील रु. ३९८०५८३(मू.अ. करबाहेक) निर्माण व्यवसायी सुवर्ण निर्माण सेवालाई भुक्तानी गर्दा पालिकाले अग्रीम आय करबापतको रु. ५९७०९ र रिटेन्सनबापतको रु. २२५१९० गाउँपालिकाको खातामा जम्मा गरेको देखियो । अग्रीम आय करबापतको रकम आन्तरिक राजस्व कार्यालयको खातामा र रिटेन्सनबापतको रकम धरौटी खातामा जम्मा गरेको प्रमाण पेश गर्नुपर्ने देखिएको रु.

प्रमाण पेश नगरेको	२,८४,८९९

७१ रिटेन्सन मनी

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(४) अनुसार रनिङ बील वा अन्य बीजकको भुक्तानी दिदाँ सम्झौता अनुसार रिटेन्सन मनी बापतको ५% रकम कट्टी गर्नुपर्ने र उक्त रिटेन्सन मनी त्रुटीसच्याउने दायित्व सकिएपश्चात, कर समायोजन पेश गरेपछि फिर्ता दिनुपर्ने व्यवस्था छ । उक्त निर्माण व्यवसायीको ५% रिटेन्सन कट्टीबापतको रकम फिर्ता लिई धरौटी खातामा जम्मा गर्नुपर्ने रु.

गोभौनं./मिति	भुक्तानी पाउनेको नाम	भुक्तानी रकम (मू.अ.कर बाहेक)	रिटेन्सन
२८।२०८१।१।२८ संघीय पूँजीगत	समीक्षा निर्माण सेवा (NCB-1/079/80)	११११९३०	५५९९६
१८४।२०८०।३।२४ संघीय पूँजीगत	समीक्षा निर्माण सेवा (NCB-1/079/80)	२३९१७५९	११९८८८
१५०।२०८०।३।०८ संघीय पूँजीगत	समीक्षा निर्माण सेवा (NCB-1/079/80)	१०५१४२८	५२५७२
७८।२०८०।२।१६ संघीय पूँजीगत	समीक्षा निर्माण सेवा (NCB-2/079/80)	२९७६५५८	१४८८२८
१८३।२०८०।३।२४ संघीय पूँजीगत	समीक्षा निर्माण सेवा (NCB-2/079/80)	२२७७२९१	११३८६५
४५।२०८०।३।२४ संघीय पूँजीगत	समीक्षा निर्माण सेवा (NCB-3/079/80)	१२६५६६७	६३२८३
	जम्मा		५५४४३२

प्रमाण पेश नगरेको	५,५४,४३२

७२ कन्टिन्जेन्सी खर्चको अभिलेख

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० को उपनियम (७) सँग सम्बन्धित अनुसूची १ मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट र स्टाफ खर्चको लागि २ प्रतिशत र अन्य सानातिना खर्चको लागि २ प्रतिशत कन्टिन्जेन्सी खर्च गर्न सकिने व्यवस्था छ ।पालिकाबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ४ प्रतिशतका दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । पालिकाले आ.व २०७९/८० मा कन्टिन्जेन्सी बापत रू. १८ लाख कट्टी गरेको छ । उक्त रकम मध्ये रू. ११ लाख खर्च भएको छ । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन ।

सैद्धान्तिक बेरुजु

७३ डि पि आर खर्च

सार्वजिनक खरिद नियमावली, २०६४ को दफा १० र ११ मा सार्वजनिक निकायले निर्माण तथा सेवा खरिद गर्नु अघि स्वीकृत नर्म्सको प्रयोग गरी लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२(४क) मा व्यवस्था भए अनुसार परामर्श सेवा खरिदमा सम्झौता गरेको तीस दिन भित्र सम्झौताको कुल रकमको सबै किसिमको जोखिम व्यहोर्ने गरी सार्वजनिक निकायलाई निःशर्त भुक्तानी हुने पेशागत दायित्व बीमा गराउनुपर्ने उल्लेख छ । कार्यालयले डिपिआरहरू निर्माण र खरिद गर्दा स्वीकृत नर्म्सको प्रयोग गरी लागत अनुमान तयार गरेको, पेशागत दायित्व बीमा गराएको, पालिकाको आन्तरिक जनशक्तिबाट हुनसक्ने काममा उपलब्ध जनशक्ति परिचालन गरेको देखिएन । डिपिआर गर्ने योजना गाउँसभाबाट स्वीकृत नगरी विभिन्न शीर्षकमा राखिएको अवण्डा बजेटबाट सोझै खरिद विधिबाट विनियोजित बजेट बराबरकै रकम खर्च गरेको देखिन्छ । डिपिआर प्रतिवेदनहरु अभिलेखको रुपमा लेखाङ्कन गरी जिन्सी आम्दानी गर्नुका साथै स्वीकृत नर्म्सको आधारमा लागत अनुमान तयार गर्ने र प्रतिस्पर्धामार्फत खरिद गर्ने तथा उपलब्ध जनशक्ति परिचालन गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ । यस वर्ष कार्यालयले तयार गरेको डिपिआरहरू देहाय अनुसार रहेका छन् ।

(यस सम्बन्धि विवरण अनुसूचिमा उल्लेख छ ।)

सैद्धान्तिक बेरुजु

७४ **लागत अनुमान नापी तथा कार्यसम्पन्न प्रतिवेदन बेगर लग सिटको आधारमा भुक्तानी**

सार्वजिनक खरिद नियमावली, २०६४ को दफा १० र ११ मा सार्वजनिक निकायले निर्माण कार्य र मालसामान खरिद गर्नु अघि स्वीकृत नर्म्सको प्रयोग गरी लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ को १(ख) मा सार्वजनिक खरिद कार्यको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ । पालिकाले पहिरो सफा गर्ने तथा बाटो मर्मत गर्ने कार्यका लागि स्वीकृत नर्म्सको आधारमा दरविश्लेषण गरी लागत अनुमान तयार गर्नुपर्ने तथा वास्तविक नापजाँच गरी कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी दिनुपर्नेमा अधिकांश कामको लागि जिल्ला दररेटको आधारमा प्रतिघण्टाले भुक्तानी भएको देखियो । पालिकाबाट लागत अनुमान तयार गर्न स्वीकृत भएको सडक विभागको Heavy Equipment Hire Rate अनुसार Excavator को प्रतिघण्टा रु. ३०९५ तथा Dozer (track) को प्रतिघण्टा रु. ४१७८ देखिएकोले सो भन्दा देहाय अनुसार बढी भुक्तानी भएकोले वढी व्ययभार परेको नियमसम्मत नदेखिएको रु.
(यस सम्बन्धि विवरण अनुसूचिमा उल्लेख छ ।)

अनियमित भएको	१३,१९,४३९

७५ **विविध खर्च खाता/कोष (युनिसेफ)** (5-२०८०-३-२९):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५(१) बमोजिम कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरेको जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई सम्पत्ति तथा जिन्सी कितावमा आम्दानी बाँधी लगत अध्यावधिक गर्नु गराउनु पर्दछ । कोभिडबाट प्रभावित बालबालिकाका लागि टोल शिक्षा कार्यक्रम र स्थानीय विपत तथा जलवायु उत्थानशिल योजना निर्माण कार्यक्रम विनियोजित बजेट रू. २२ लाख ३५ हजारबाट कार्यक्रमका तत्कालीन कर्मचारी प्रेम बुढाले सुर्खेत आइटी सेन्टरबाट I5, 11th Gen, 8gb, 14” Touch Display भएको एक थान ल्यापटप रू. ११५०००।– मा खरिद गरेकोमा उक्त ल्यापटप पालिकामा दाखिला नगरी नोकरी छोडेको अवस्थामा समेत आफैसँग राखेको पाइएकोले पालिकामा फिर्ता गर्नु पर्ने रू.

प्रमाण पेश नगरेको	१,१५,०००

७६ **खर्च भन्दा बढी रकम भुक्तानी** (९५ (गा.पा. पूँजीगत)-२०७९-९-१९):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, 2077 को नियम 39(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बील भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । खरिद गरिने माल सामान आवश्यक पर्ने समय प्रयोजन खुलाई माग फाराम स्वीकृत गराई खरिद कार्य गर्नुपर्दछ । पालिकाले पूर्णप्रसाद हमाललाई फर्निचर तथा ल्यापटप, प्रिन्टर लगायतका सामान खरिदबापत रु. ४५१७७० भुक्तानी गरेकोमा रितपूर्वक बीजक रु. ४३३९२० प्राप्त भएकोमा बढी भुक्तानी रु. १७८५० असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	१७,८५०

७७ **जचौरी पछाई कुलो निर्माण योजना**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक नियकायले स्वीकृत नर्म्सको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहले लागत अनुमान तयार गर्दा जिल्लादररेटमा उल्लेख भएको सामग्रीको दररेट तथा ढुवानी दरलाई आधार मानेर स्थानीय दररेट कायम गर्नुपर्दछ । एच डि पि ई पाईप खरिदका लागि असजिलो सामानको ढुवानी दरलाई Coefficient factor ले गुणन गरी ढुवानी दर कायम गर्नुपर्नेमा पालिकाले जचौरी पछाई कुलो निर्माण योजनाको लागि २२५mm 10kg को HDPE Pipe खरिद गर्दा असजिले सामानको ढुवानी दरलाई Factor ले गुणन गरी पुन ढुवानी दर जोडेकोले बढी दरले पाईपको भुक्तानी भएको देखिन्छ । कूल ३४१ मिटर २२५mm 10kg को HDPE Pipe पाईपको ढुवानी सहित रु. ३५३६ ले भुक्तानी हुनुपर्नेमा रु. ३६९२ ले भुक्तानी भएकोले बढी भुक्तानी रकम रु. ५३१९६ असुल हुनुपर्ने रु.

असुल गर्नुपर्ने	५३,१९६

७८ **भिगडे रुप्सीकोट भिगडे बुद्धकोट लुम भट्ट भण्डारी खानेपानी योजना** (१५६(पालिका पूँजीगत)-२०७९-१२-१४):
सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ को १(ख) मा सार्वजनिक खरिद कार्यको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ । भिगडे रुप्सीकोट भिगडे बुद्धकोट लुम भट्ट भण्डारी खानेपानी उ.स. वडा नं. ८ लाई भुक्तानी गर्दा ६६५ रनिङ मिटर पाईप पुर्ने कार्यका लागि ६६५ रनिङ मिटर भन्दा बढी खनेको बापतको भुक्तानी भएको देखियो । बढी भुक्तानी भएको Excavation बापतको १०.२३ घनमिटरको १२२८ का दरले खन्ने र ३७५ का दरले पुर्ने कार्यको बढी भुक्तानी देखिएको रु. १६३९९ असुल हुनुपर्ने देखिएको रु.

असुल गर्नुपर्ने	१६,३९९

७९ **क्वारी साईड निर्धारण**
कार्यालयले निर्माण सामग्री आपूर्ति गर्दा मितव्ययी र सामग्रीको गुणस्तरमा मध्यनजर गर्दै नजिकैको क्वारी साईड निर्धारण गर्नु पर्दछ। कार्यालयले विभिन्न निर्माण कार्यको लागत अनुमान तयार गर्दा नजिकको क्वारी साईट तथा बजारलाई आधार लिएर लागत अनुमान तयार गरेको छैन । पालिकाले अधिकांश निर्माण सामग्रीको दररेट नेपालगञ्जको जिल्ला दररेटको आधारमा लिएर ढुवानी थप गरी लागतअनुमान तयार गरेको छ भने स्थानीय सामग्रीको हकमा क्वारी साइट उल्लेख नगरी ५ मिटरसम्म ढुवानी समेत थप गरी जिल्लादररेट आधारमा लागत अनुमान तयार गरेको छ । यसले लागत अनुमान र सम्झौता रकमलाई बढाउने भएकोले क्वारी साईड निर्धारण र ढुवानी दर विश्लेषण गर्दा मितव्ययी र सामग्रीको गुणस्तरमा मध्यनजर गर्दै नजिकैको क्वारी साईड निर्धारण गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

८० **कनकासुन्दरी मन्दिर जाने रेलिङ सहितको बाटो निर्माण**

८०.१ कनकासुन्दरी मन्दिर जाने रेलिङ सहितको बाटो निर्माण योजना - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ अनुसार सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लिखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर बमोजिमको भए नभएको सम्बन्धमा निरीक्षण र परीक्षण गराउनुपर्ने उल्लेख छ । यस वर्ष पालिकाले कनकासुन्दरी मन्दिर जाने रेलिङ सहितको बाटो निर्माण योजनाका लागि रु. ६९२२५१३ को लागत अनुमान स्वीकृत गरेकोमा उपभोक्ता समितिको योगदान रु. १९२२५१३ अर्थात २७.७७% रहने गरी सम्झौता गरेको देखियो । पालिकाले योजनाको लागत अनुमान तयारी गर्नु पूर्व ड्रइङ तथा डिजायन तयार गरी स्वीकृत गरेको र सो अनुसार कार्यसम्पन्न गर्ने गरी उपभोक्ता समितिसँग सम्झौता गरेको देखिएन । स्थलगत निरीक्षणको गर्दा योजनाको गुणस्तर तथा रेलिङको स्फेशिफिकेसन र गुणस्तर सम्बन्धमा आश्वस्त हुन सकिएन ।प्राविधिक गुणस्तरको सम्बन्धमा पालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

८०.२ अनुपातिक साझेदारी व्यहोरेको नदेखिएको - कनकासुन्दरी गाउँपालिका उपभोक्ता समिति गठन परिचालन सम्बन्धी कार्यविधि, २०७५ अनुसार उपभोक्ता समितिलाई भुक्तानी दिँदा तोकिए बमोजिमको लागत साझेदारी रकम कट्टा गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ ।घटी कार्यसम्पादन भएको अवस्थामा सोही अनुसार अनुपातिक कट्टी गरी भुक्तानी गर्नुपर्दछ । कनकासुन्दरी मन्दिर जाने रेलिङ सहितको बाटो निर्माण योजनाका लागि रु. ६९२२५१३ को लागत अनुमान स्वीकृत गरेकोमा उपभोक्ता समितिको योगदान रु. १९२२५१३ अर्थात २७.७७% रहने गरी सम्झौता भएता पनि यस वर्ष अद्यावधिक काम रु. ३६८१४०१ को भएकोले कन्टिन्जेन्सीबाहेक रु. २५५२६४५ भुक्तानी हुनुपर्ने देखिन्छ । पालिकाले समितिलाई कन्टिन्जेन्सीबाहेक रु. २५९२००० भुक्तानी गरेकोले बढी भुक्तानी रु. ३९३५५ असुल हुनुपर्ने रु.

असुल गर्नुपर्ने	३९,३५५

८०.३ उपभोक्ता समितिबाट भएको कामको गुणस्तर - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) अनुसार उपभोक्ता समिति मार्फत कार्य गर्दा उपभोक्ता समिति वा समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन बील भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था गरेको छ तर यस कार्यालयमा उपभोक्ता समितिमार्फत गरिएका कामको बील भरपाई पेश गरेतापनि कागजात परीक्षण गर्दा प्राविधिक बीलमा भएको परिमाण र उपभोक्ता समितिले खरिद गरेको निर्माण सामग्रीको परिमाण फरक रहेको पाइएकोले निर्धारित नर्म्स अनुसार नै निर्माणकार्य भएको छ भन्ने आश्वास्त हुने अवस्था छैन। आवश्यक परिमाण भन्दा अधिक खरिद तथा न्यून खरिदको अवस्थामा उपभोक्ता समिति मार्फत गरिएको कामको गुणस्तरीय छ भन्ने अवस्था देखिँदैन । साथै मन्दिर जाने बाटोमा सिढी बनाउने काम गुणस्तरीय नभएको, सिढीहरू एकनासका नभएका, अनावश्यक रूपमा दोहोरो स्टिलका रेलिङ राखेर लागत बढाइएको स्थलगत निरीक्षणको क्रममा देखियो ।

मन्दिर जाने बाटोमा निर्माण गरिएको रेलिङ्ग

सैद्धान्तिक बेरुजु

८१ **उपभोक्ता समितिले निर्माण व्यवसायीबाट काम गराएको**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १० मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सव कन्ट्राक्टरबाट काम गराउन सकिने छैन भन्ने उल्लेख छ । लेखापरीक्षणका क्रममा नमूना छनोट गरी हेर्दा देहायका ग्रामीण सडक निर्माण गर्न सम्झौता गरेका उपभोक्ता समितिहरूले सडक निर्माणको काम निर्माण व्यवसायी मार्फत गर्ने गरेको पाइयो । गाउँपालिकाबाट भुक्तानी भएको रकमबाट नियमावलीमा भएको व्यवस्था विपरित काम गराउने उपभोक्ता समिति, जाँचपास गर्ने प्राविधिक तथा सिफारिसकर्ता एवं अनुगमनकर्तालाई यस सम्बन्धमा जिम्मेवार वनाउनु पर्ने देखिएको नियम विपरित भुक्तानी भएको रू.

भौ.नं. र मिति	योजनाको नाम/ उ . स .	निर्माण व्यवसायी	कार्यसम्पन्न	भुक्तानी रकम
२०७।२०८०।२।९ गा.पा. पूँजीगत	ढ्याम अधुरो बाटो निरम्ण उ. स . वडा नं ३	बिराट इलोक्ट्रोनिक्स अर्डर सप्लायर्स	६०४०५०	४०६८००
३३२।२०८०।३।२४ गा. पा . पूँजीगत	लामाचौर महिला भवनदेखि चारमाली चौरसम्म ग्रामीण सडक उ. स .	कनकासुन्दरी निर्माण सेवा	११९३८६५	९५३८१८
११९- २०७९।९।२८ गा . पा . पूँजीगत	लड्कुबत्ती वडा नं ५ उ. स .	विद्युत सम्बन्धी योजना, आरम्भ ट्रेडिङ कम्पनीबाट गराएको	१००१९६७	९०००००
१६२, १६३ गा . पा . पूँजीगत	लुम बत्ती मर्मत उ. स .	विद्युत सम्बन्धी योजना हाइड्रो स्टिल कम्पनी प्रा. लि . लाई भुक्तानी	१९९५०००	१९९५०००
३-२०७९।९।२८	पेलेचौर इरेपी रिखि	भुषाल नर्माण सेवा		४२२१९७
	जम्मा			४६७७८१५

अनियमित भएको	४६,७७,८१५

८२ **सामुदायिक रेडियो सञ्चालन समितिको खर्च भुक्तानी** (३४० (गा.पा. पूँजीगत) -२०८०-३-२१):

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले पूँजी सृजना नहुने खालका वितरणमूखी तथा उपयोगिता नदिने खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनोट तथा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम छनोट गरी पूँजीगत शीर्षकमा समावेश गर्नुपर्ने व्यवस्था गरेको छ ।कनकासुन्दरी गाउँपालिका एफ एम रेडियो (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७५ को दफा ६ अनुसार एफ एम सञ्चालनको इजाजतपत्र लिन चाहने व्यक्ति वा फर्मलाई आर्थिक, प्राविधिक तथा व्यवसायिक पक्षमा विस्तृत अध्ययन गर्न लगाई सोको प्रतिवेदन पेश गर्नुपर्ने उल्लेख छ । कार्यविधिले पालिकालाई इजाजत, दर्ता, नवीकरण तथा नियमनको अधिकार प्रदान गरेको देखिन्छ । कार्यविधि विपरित सामुदायिक रेडियो सञ्चालन समितिको आर्थिक, प्राविधिक तथा व्यवसायिक विस्तृत प्रतिवेदन बेगर पालिकाले उक्त समितिको रु. १००००००।- खर्च भुक्तानी गरेको नियमसंगत नदेखिएको रु.

अनियमित भएको	१०,००,०००

८३ **कार्यसम्पन्न सम्म पेश्की फछ्र्यौट नगरेको**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३ (५) मा सार्वजनिक निकायले निर्माण व्यवसायी वा सेवा प्रदायकलाई दिएको पेश्की रकम प्रत्येक रनिङ बीलबाट कट्टा गरी भुक्तानी दिनु पर्ने व्यवस्था छ । तर उपभोक्ता समितिलाई देहायका योजना सम्झौतामा पेश्की दिइएकोमा अन्तिम बील भुक्तानी भइसक्दा समेत पेश्की फछ्र्यौट नहुँदा कार्यसम्पन्न भन्दा बढी भुक्तानी गरेको देखिएकोले कार्यालयले नियमानुसार छानबिन गरी यकिन गर्नुपर्ने रु.

योजनाको नाम	पेश्की लिने	पेश्की लिएको मिति	पेश्की रकम
वडा कार्यालय भवन निर्माण ३	वडा कार्यालय भवन निर्माण उ.भो.स.	आर्थिक वर्ष ७६।७७ मा पेश्की लिई कार्यसम्पन्न भइसकेको	1000000
वडा कार्यालय भवन निर्माण १	वडा कार्यालय भवन नयाँ निर्माण उ.भो.स.	आर्थिक वर्ष ७६।७७ मा पेश्की लिई कार्यसम्पन्न भइसकेको	1000000
वडा कार्यालय भवन निर्माण ६	वडा नं. ६ को कार्यालय भवन निर्माण उ.भो.स.	आर्थिक वर्ष ७६।७७ मा पेश्की लिई कार्यसम्पन्न भइसकेको	1000000
समपुरक कोष (म्याचिङ्ग फण्ड) महिला तथा अपाङ्ग मैत्री पक्की शौचालय निर्माण	श्री नेरा मा.वि.मालिकावोता	आर्थिक वर्ष ७८।७९ मा पेश्की लिई कार्यसम्पन्न भइसकेको	148500
	जम्मा		३१४८५००

प्रमाण पेश नगरेको	३१,४८,५००

८४ जटिलसंर्चना निर्माण

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरूलाई मेशिन, औजार उपकरणहरूको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरू मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरू यसप्रकार रहेका छन् ।

गोभौनं./मिति	उपभोक्ता समितिको नाम	कामको विवरण	लागत अनुमान	यस वर्षको भुक्तानी रकम
४१, ३९ गा . पा पूँजीगत	वडा कार्यालय भवन निर्माण वडा ७	विद्यालय भवन निर्माण	२९६४७०२	१८६७२१०
१७५।२०८०।३।२३ प्रदेश हस्तान्तरित पूँजीगत	श्री नेपाल राष्ट्रिय मा वि मालिका बोता, उपभोक्ता समिति	श्री नेपाल राष्ट्रिय मा वि मालिका बोता ४ कोठे भवन निर्माण	६७१२५८६	५४९४०००
२६२-०८०।३।४	कोल्ड स्टोर भवन निर्माण उस	कोल्ड स्टोर भवन निर्माण		७६३४३२३
२-२०८०।३।७	कनका सुन्दरी गापा विद्युत विस्तार उस	विद्युत लाईन मर्मत विस्तार		५७९८७९
	जम्मा			१५५७५४१२

सैद्धान्तिक बेरुजु

८५ उपभोक्ता समिति दर्ता

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ । संस्था दर्ता ऐन, २०३४ को दफा ३ मा कुनै पनि संस्था विधानसहित दर्ता नभएमा कानूनी मान्यता दिन मिल्ने देखिदैन । उपभोक्ता समिति ऐनको उक्त व्यवस्थाअनुसार उपभोक्ता समितिहरु दर्ता भएको पाइएन । त्यस्ता समितिहरू स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरूले आयव्यको लेखापरीक्षण समेत नगराउने भएकोले स्थायी संयन्त्रमार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

८६ **निर्माण कार्यको विमा**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ अनुसार बीस लाख रुपैयाँभन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामग्री, मेसिन, प्लान्ट लगायत सम्पूर्ण कार्यको प्रतिस्थापन खर्च समेतको अनिवार्य विमा गराउनुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिबाट भएका बीस लाख माथिका योजनाहरुको समेत सम्झौतामा उल्लेख भए अनुसार बिमा गराउनुपर्ने व्यवस्था छ । कार्यालयले आंशिक योजनाहरुको विमा गराएको देखिएन । नियमानुसार त्रुटी सच्याउने अवधिसम्मको लागि अनिवार्य विमा गराउनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

८७ **पहिरो हटाउने कार्य**

सार्वजिनक खरिद नियमावली, २०६४ को नियमावली नियम १२३ मा बील बिजकको भुक्तानी गर्दा वास्तविक कार्यसम्पादनको आधारमा दिनुपर्ने व्यवस्था रहेको छ। पहिरो हटाउने कार्यका लागि Chainage र पुरै Rectangular Cross section लिएर परिमाण मापन गरेर घ. मि. को भुक्तानी भएको देखियो । Auto cad बाट बास्तविक Cross section मापन गर्नुपर्ने वा औषतमा Triangular Cross section लिएर परिमाण मापन गर्नु पर्नेमा सो नगरेकोले बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने देखिएको रु.

भौ नं र मिति	उपभोक्ता समितिको नाम	भुक्तानी परिमाण (घ.मी.)	भुक्तानी हुने परिमाण (घ.मी.)	भुक्तानी दर	बढी भुक्तानी
४७- २०७९।७।१५ (गा.पा. पूँजीगत)	गोठीज्यूलादेखि काला काडासम्म पुलबाटो मर्मत उपभोक्ता समिति	१४७.०४	७३.५	६८८	५०५६८
७७- २०७९।९।१३ (गा.पा. पूँजीगत)	Landslide Clearance का लागि रु . गोठी बुढालाई रु . ९०००० भुक्तानी	१७७.७७	८८.८५	६८८	२८८७१
	जम्मा				७९४३९

असुल गर्नुपर्ने	७९,४३९

८८ **टेलिकमको टावरको सामान ढुवानी खर्च भुक्तानी** (४७(गा.पा. पूँजीगत)-२०७९-७-१५):

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ (१) अनुसार स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरमा आवधिक, वार्षिक, रणनीतिक योजना बनाई लागू गर्नुपर्ने व्यवस्था छ । ऐनको दफा ११ मा गाउँपालिका तथा नगरपालिकाको अधिकार क्षेत्रको बारेमा उल्लेख छ । पालिकाले आफ्नो अधिकार क्षेत्र भन्दा बाहिरको नेपाल टेलिकमको ठेक्काबाट निर्माणाधीन टेलिफोन टावर निर्माण आयोजनाको टेलिकम टावरको सामान ढुवानीबापतको रु. १३०००० भुक्तानी गरेको देखियो । ठेकेदारको दायित्व भित्र पर्ने तथा नेपाल टेलिकमबाट भुक्तानी हुने उक्त कार्य रकम पालिकाले नेपाल टेलिकमबाट सोधभर्ना लिनुपर्ने देखिएको रु.

सोधभर्ना नलिएको	१,३०,०००

८९ **उपभोक्ता समितिबाट भएको कामको गुणस्तर**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) अनुसार उपभोक्ता समिति मार्फत कार्य गर्दा उपभोक्ता समिति वा समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन बील भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था गरेको छ तर यस कार्यालयमा प्राविधिकले योजनाको Labor and

Material Breakdown नगरेको, उपभोक्ता समितिमार्फत गरिएका कामको बील भरपाई पेश गरेतापनि कागजात परीक्षण गर्दा प्राविधिक बीलमा भएको परिमाण र उपभोक्ता समितिले खरिद गरेको निर्माण सामग्रीको परिमाण फरक रहेको पाइएकोले निर्धारित नर्म्स अनुसार नै निर्माणकार्य भएको छ भन्ने आश्वास्त हुने अवस्था छैन। आवश्यक परिमाण भन्दा अधिक खरिद तथा न्यून खरिदको अवस्थामा उपभोक्ता समिति मार्फत गरिएको कामको गुणस्तरीय छ भन्ने अवस्था देखिँदैन ।

सैद्धान्तिक बेरुजु

९० **बढी भुक्तानी** (३५ (गा.पा. पूँजीगत)-२०७९-६-१३):

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट निर्माण कार्य गराउदा वा सो सम्बन्धी सेवा प्राप्त गर्दा मितव्ययिता, गुणस्तरियता वा दिगोपना अभिवृद्धि हुने भएमा वा लाभग्राही समुदायलाई सहभागी गराउने भएमा उपभोक्ता समिति वा लाभग्राही समुहबाट त्यस्तो कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ ।कनकासुन्दरी गाउँपालिकाले उपभोक्ता समिति गठन परिचालन सम्बन्धी कार्यविधि, २०७५ अनुसार लागत अनुमान भन्दा बढी भेरिएसन स्वीकृति बेगर काम गरेकोमा उपभोक्ता समिति स्वयं जिम्मेवार हुने उल्लेख छ । पालिकाले सबै योजनाहरूमा न्यूनतम् २०% लागत सहभागिता सहित उपभोक्ता समितिबाट योजना सञ्चालन गर्ने गरेको देखियो । पालिकाले निम्न योजनामा उपभोक्ता समिति मार्फत गराउँदा उपभोक्ता समिति र पालिकाले बेहार्ने अंश उल्लेख गरी सम्झौता भएको देखिन्छ । तर योजना सम्पन्न गर्दा सुरु सम्झौता रकम भन्दा भेरिएसन स्वीकृति बेगर काम गरेकोमा सम्झौता भन्दा बढी भुक्तानी दिन उपयुक्त देखिएन । सुरु सम्झौता ३९.८८% जनसहभागिता रहने गरी गरेमा सोही बमोजिम भुक्तानी हुनुपर्नेमा सो नदेखिएकोले बढी भुक्तानी रकम असुल हुनुपर्ने रु.

असुल गर्नुपर्ने	८,५९,७४१

९१ **दर विश्लेषण**

सार्वजनिक खरिद नियमावली, २०६४ को दफा १० र ११ मा सार्वजनिक निकायले निर्माण कार्य र मालसामान खरिद गर्नु अघि स्वीकृत नर्म्सको प्रयोग गरी लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ ।कार्यालयले निम्न कार्यको भुक्तानी गर्दा स्वीकृत नर्म्स भन्दा बढी दरले भुक्तानी गरेकोले बढी भुक्तानी रकम सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्ने देखिएको रु,

भौ नं र मिति	उपभोक्ता समितिको नाम	कामको विवरण	परिमाण	भुक्तानी दर	भुक्तानी हुने दर	बढी भुक्तानी
गा.पा. पूँजीगत						
४७।२०७९।७।१५	गोठीज्यूलादेखि वडा नं ५ कार्यालय बाटो मर्मत उ.स.	Earthwork excavation ordinary soil	१४०	७१०.७	६८८	३१७८
२६७।२०८०।३।६	पाण्डुसेरा सिंचाई कुलो निर्माण उ.स.	Earthwork excavation ordinary rock (DOR Norms)	९९.५९	१७२०	७९९	९१७२२
२६७।२०८०।३।६	पाण्डुसेरा सिंचाई कुलो निर्माण उ.स.	PCC 1:2:4	२५.९१	१९६७४	१६७०८	७६८४९
जम्मा						१७१७४९

असुल गर्नुपर्ने	१,७१,७४९

९२ **वडा नं. ५ को वडा कार्यालय भवन निर्माण** (२२१ र ३२८ (गा.पा. पूँजीगत), ५४२(गा.पा चालु)-):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बील भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ ।पालिकाले वडा नं. ५ को वडा कार्यालय भवन निर्माण कार्यका लागि वडा नं. ५ को वडा कार्यालय भवन निर्माण उ.स. सँग रु. ३३७१४०१।- लागत अनुमानको काम गरी जनसहभागिता र कन्टिन्जेन्सी बाहेक रु. २६८८०००।- मा सम्झौता गरेको देखियो । उक्त कार्यका लागि उपभोक्ता समितिले रु. १४०००००।- पेश्की लिएकोमा विभिन्न भौचरबाट पे.फ. गरी कन्टिन्जेन्सी जम्मा रु. २९५१०००।- भुक्तानी लिएको देखिन्छ । कार्यसम्पन्न अनुसार खुद भुक्तानी हुनुपर्ने रु. २६६३२२३।- देखिएकोले वास्तविक कार्यसम्पन्न भन्दा बढी भुक्तानी रु. २८७७७७।- सम्बन्धितलाई जिम्मेवार बनाई असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	२,८७,७७७

९३ पूँजीगत बजेटमा चालु प्रकृतिका खर्च

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले पूँजी सृजना नहुने खालका वितरणमूखी तथा उपयोगिता नदिने खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनोट तथा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम छनोट गरी पूँजीगत शीर्षकमा समावेश गर्नुपर्ने व्यवस्था गरेको छ । तर पालिकाले देहाय अनुसारका पूँजीगत शीर्षकबाट चालु प्रकृतिका खर्च भुक्तानी दिएको नियमसंगत नदेखिएको रु.

भौ.नं.	पूँजीगत शीर्षक	खर्च भएको शीर्षक	खर्च रकम
५६, ५९ (गा . पा . पूँजीगत)	समपूरक कोष र अध्यक्षसँग जनता कार्यक्रम	मुख्यमन्त्री सहितको टोली प्रदेशस्तरीय तालिम केन्द्र जग्गाका लागि खिच्चनेमा आउदा अतिथि सत्कार खर्च	२४००००
६०, ९७ (गा . पा . पूँजीगत)	वडा नं. १ देखि वडा नं . ८ सम्म मोटरसाईकल खरिद र समपूरक कोष	खाद्य व्यवस्था तथा व्यापार कम्पनी लि. लाई खाद्यान्न बापतको भुक्तानी	१७४६०००
१३७- २०७९।११।१२ (गा . पा . पूँजीगत)	समपूरक कोष	खाद्य व्यवस्था तथा व्यापार कम्पनी लि. लाई खाद्यान्न बापतको भुक्तानी	१८०००००
७०, ७१ , ७२ (गा पा पूँजीगत)	समपूरक कोष	राहत वितरण	७०००००
१९६।२०८०।२।७ (गा पा पूँजीगत)	समपूरक कोष र अध्यक्षसँग जनता कार्यक्रम	राष्ट्रपति रनिङ शिल्ड कार्यक्रम	६२२४९५
७५।२०७९।९।१२ (गा पा पूँजीगत)	अध्यक्षसँग जनता	त्रिपाल विरण	८३२८१०
२७२।२०८०।३।७ गा.पा. पूँजीगत	समपूरक कोष	भाडावर्तन खरिद	२९८०००
	जम्मा		६२३९३०५

अनियमित भएको	६२,३९,३०५

९४ गोठीज्यूला बृहत्त खानेपानी निर्माण

१४९।२०७९।१२।०८ (गा.पा. पूँजीगत) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ को १(ख) मा सार्वजनिक खरिद कार्यको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ । गोठीज्यूला बृहत्त खानेपानी

निर्माणको लागि पालिकाले रु. ७६६३५२७ को लागत अनुमान स्वीकृत गरी जनसहभागिता बाहेक रु. ६७३५००० भुक्तानी हुने गरी पालिकाले गोठीज्यूला बृहत्त खानेपानी निर्माण उपभोक्ता समितिसँग योजना सम्झौता गरेको देखियो ।उक्त योजनाको सम्बन्धमा देखिएका व्यहोराहरू निम्नअनुसार छन् ।

९४.१ माटो पुर्ने कार्य - पालिकाले माटो पुर्ने कार्यको भुक्तानी गर्दा Distribution line को Volume घटाएर भुक्तानी गर्नपर्नेमा Exavation परिमाण बराबरको भुक्तानी गरेको प्राविधिक नापीमा देखियो । Distribution line निजीधाराको लागि ६.७२ घ.मी. तथा ७६.६२ घ.मी. गरी कूल ८३.३४ घन मिटरको रु. १७५ का दरले रु. १४५८५ बढी भुक्तानी असुल गर्नुपर्ने देखिएको रु. १४५८५

असुल गर्नुपर्ने	१४,५८५

९४.२ बढी परिमाणको खन्ने तथा पुर्ने कार्य- त्यस्तै गरी निजी धारा विस्तार कार्यको लागि पाईपलाईनको परिमाण भन्दा बढी परिमाणको खन्ने पुर्ने कार्यको भुक्तानी गरेको देखियो । वितरण लाईनको लम्बाइ ५४० रहेकोमा ५८० मिटरमा खन्ने तथा पुर्ने कार्यको भुक्तानी दिएको देखियो । यसले गर्दा ७.२ घन मिटर बढी खन्ने तथा पुर्ने कार्यको भुक्तानी भएकोले रु. ७०० खन्ने तथा रु. १७५ पुर्ने कार्यको गरी रु. ६३०० बढी भुक्तानी देखिएकोले असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	६,३००

९४.३ नापी जडानमा नदेखिएको पाईप – सार्वजनिक पाईपलाईन वितरणका लागि प्राविधिक नापी किताब अनुसार विभिन्न साईजका कूल ८६१२ मिटर HDPE पाईप Transmission Line तथा Distribution लाईनका लागि खरिद गरेको देखियो । सो मध्ये ८१४५ मिटरमात्र नापी किताबको खन्ने तथा पुर्ने कार्यमा देखिएको छ । बाँकी ४६७ मिटर पाईपको खरिदबापत रु. १०२२७३ (औषत दर रु. २१९) खर्च देखिन्छ । बाँकी पाईपको नापी तथा जडान सम्बन्धमा यकीन गर्न सकिएन । बाँकी रहेको पाइपको नापी जडान पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	१,०२,२७३

९५ **सडकको काममा फरक नर्म्सको प्रयोग**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(२) अनुसार लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्सको अनुसार तयार गर्नुपर्ने उल्लेख छ । पालिकाले विभिन्न योजनाहरू सञ्चालन गर्दा सम्बन्धित कार्यहरूका लागि स्वीकृत विभागीय नर्म्स प्रयोग गरी लागत अनुमान तयार गर्नु पर्दछ । पालिकाले गत वर्ष सडक तथा नाला सम्बन्धी कार्यका लागि स्वीकृत नर्म्स प्रयोग नगरी DoLiDAR को नर्म्स प्रयोग गरेकोले बढी व्यय भार परेको देखिएको रु.

गोभौनं./मिति	उपभोक्ता समिति र काम	परिमाण घ. मि .	DOR को नर्म्स अनुसार भुक्तानी हुने	भुक्तानी दर	रकम
१८२।२०८०। १।१९	बडियाला बालकुलो निर्माण उ . स . PCC for RCC Canal lining 1:2:4	२५.४४	१६३९४	१८८१४	६१५६४
२०१।२०८०। २।७	माथिगाउँ लेकपोर बाटो पिसिसि निर्माण उ. स . PCC for RCC 1:2:4	१२.०६	१६५५१	१८६३२	२५०९७
२१९।२०८०। २।१६	महादेवदेखि टोलटोल हुदै खौला राजमार्ग पक्कीबाटो निर्माण PCC 1:2:4	६०.७७	१६४६२	१८५२८	१२५५५१
२२५।२०८०। २।१६	गोठीखोला टोलटोलका पक्कीबाटो निर्माण उ. स . वडा नं २ PCC 1:2:4	११.२३	१६४६२	१८५२८	२३२०१
२२५।२०८०। २।१६	गोठीखोला टोलटोलका पक्कीबाटो निर्माण उ. स . वडा नं २ Stone Masonary 1:4	२१.८९	१२५१९	१३१८४	१४५५७
२८३।२०८०। ३।१७	मालिका बोता पिसिसि बाटो निर्माण उ. स . Stone Masonary 1:4	१२.०६	१२५१९	१३१८४	८०२०
	जम्मा				२५७९९०

अनियमित भएको	२,५७,९९०

९६ **योजना फरफारक**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) अनुसार हरेक किस्ताको कामको प्राविधिक मूल्यांकन, बील भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सार्वजनिक निकायमा पेश गर्नुपर्ने, नियम ९७(७) अनुसार प्रत्येक किस्ताको खर्चको विवरण सार्वजनिक स्थानमा टाँस गर्नुपर्ने र सार्वजनिक खरिद अनुगमन कार्यालयले तोकेको प्रक्रिया बमोजिम तोकेको अवधिभित्र सामाजिक लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ । नियम ९७(१२) अनुसार योजना रेखदेख र मर्मत संभारको जिम्मेवारी तोकी उपभोक्ता समितिलाई योजना हस्तान्तरण हुनुपर्ने समेत व्यवस्था छ । कार्यालयले नियमावलीमा व्यवस्था भए अनुसार खर्च सार्वजनिकीकरण तथा सामाजिक परीक्षण गराएको देखिएन साथै योजनाको मर्मत संभार र रेखदेखको जिम्मेवारी सहित उपभोक्ता समितिहरूलाई योजना हस्तान्तरण भएको देखिएन । नियमको पालना हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

९७ **औषधी खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बीस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था भए छ । तर स्थानीय तहहरूले ३३ लाख ७५ हजार औषधिमा भएको खर्च मध्ये उक्त प्रकृयाबेगर रु. २२ लाख ३० हजारका औषधि सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरू निम्नानुसार छनः

• खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको,

• आपूर्ति हुने औषधि डब्लु.एच.ओ. सटिफाइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं. र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको,

• आपूर्ति भएका औषधि एवम् सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशिफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकीन गर्न सकिएन ।

• औषधिको जिन्सी किताबमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,

• औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको ।

तसर्थ औषधिको खरिद, आपूर्ति, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकिएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको औषधिहरू जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

९८ **क्यू आर कोड प्रमाणीकरण कोभिड १९**

कोभिड १९ भ्याक्सिनेसन क्यू आर कोड प्रमाणीकरण गरे वापत प्रति क्यू आर कोड रु १००० को दरले भुक्तानी दिने गरेको पाइयो।गो भौ नं. २८१ मिति २०८०।०३।०७ वाट ८० क्यू आर कोड वापत ८०००० भुक्तानी भएको पाइयो । सो खर्च गर्ने सम्बन्धमा कार्यान्वयन पुस्तिकामा व्यवस्था भएको देखिदैन । यस्तो खर्च गर्ने आधार पेश हुनु पर्ने रू.

असुल गर्नुपर्ने	६८,०००

९९ **न्यानो झोला कार्यक्रम**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०७९।८० मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरूको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरूले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । यस पालिका अन्तर्गतका ५ बर्थिङ सेन्टरमा गत वर्ष ३५० थानको रु.३५०००० र यस वर्ष ४०० थानको रु.३९७७६० मा खरिद गरेको छ । गत वर्ष १३१ जना र यस वर्ष १८१ जना गरी ४१२ मात्र प्रसुति भएको अभिलेखबाट देखिन्छ । पालिकाको भण्डारमा खरिद गरिएका ३५ थान र हेल्थ पोष्टको स्टोरमा ३३८ थान न्यानो झोला मौज्दातमा देखिन्छ । खरिद भएका त्यस्ता झोलाहरू तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१०० **स्वास्थ्य तर्फको तलब भत्ता**

निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ कर्मचारीको रु.१९१९९९९ लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१०१ **दर रेट फरक पारी भुक्तानी भएको**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बील भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ ।गाउँपालिका शसर्त अनुदानको कृषि कार्यक्रम अन्तरगत नयाँ आलुवाली पकेट विकास कार्यक्रमको लागि दिएको लागतको ५०% कृषि अनुदानमा प्रागारिक गोठे मल खरिद गर्दा जिल्ला दर रेट अनुसार प्रति केजी रु. ५ मा खरिद गर्नुपर्नेमा प्रति केजी रु. ३० (ढुवानी खर्च वाहेक) खरिद गरेको छ। जिल्ला दर रेट रू. ५ प्रति केजी भन्दा बढिको बील भरपाईमा अनुदान वापतको ५० प्रतिशत रकम भुक्तानी दिएको छ। यसरी ५० प्रतिशत अनुदान वापतको रकम निम्न कृषि फर्मलाई भुक्तानी गर्दा वढी व्यय भार परेको रकम रु.

असुल गर्नुपर्ने	२,८१,९४०

१०२ **स्वीकृत नर्म्स भन्दा बढि भुक्तानी**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० स्वीकृत नर्म्स अनुसार लागत अनुमान तयार गरी भएको खरिदमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ।तर पालिकाले निम्न कृषि पकेट क्षेत्रको अनुदानमा कृषि डायरी २०७९ को नर्म्स भन्दा वढी हुने गरी भुक्तानी भएको देखिएकोले वढी व्ययभार परेको रकम रु.

असुल गर्नुपर्ने	५,८६,४००

१०३ **अनुदान अनुगमन**

कार्यालयले यस कार्यक्रमअन्तर्गत विभिन्न सहकारी तथा व्यक्तिलाई कृषि वीउ खरिद, सिंचाई निर्माण अनुदान, पालन शीप विकास तालिम, गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रममा दिएको अनुदान सूचीकृत किसानको अभिलेख अनुसार प्राथमिकताको आधारमा दोहोरो नपर्ने गरी दिएको नदिएको अभिलेखको अभावमा यकीन हुनसक्ने देखिएन । साथै पालिकाले दिएको अनुदानको उपलब्धि तथा उपयोगिताको अनुगमन गरेको देखिएन । तसर्थ कार्यालयले किसान सूचीकरण अभिलेखबमोजिम अनुदान वितरण तथा अनुगमन गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१०४ **सामाजिक सुरक्षातर्फ**

सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा ऐन २०७५, सामाजिक सुरक्षा नियमावली २०७६, विद्युतीय प्रणालीबाट सामाजिक सुरक्षा भत्ता भुक्तानी रणनीति २०७४, सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ को प्रावधान बमोजिम गर्नु पर्ने व्यवस्था छ । पालिकालाई सामाजिक सुरक्षा कार्यक्रमको लागि यस वर्ष नेपाल सरकारबाट रु. ७२८११२७ निकासा भएको छ । पालिकाले सामाजिक सुरक्षा भत्ता त्रैमासिक रुपमा बैंक मार्फत वितरण गर्ने गरेको पाइयो । यस सम्बन्धमा देखिएको व्यहोराहरू निम्नानुसार छन् ।

१०४.१ निष्कृय खाताको विवरण- सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं. २३(५) मा बैँक तथा वित्तीय संस्थाले सामाजिक सुरक्षा खाताहरू मध्ये निष्कृय (डोरम्यान्ट) खाताको विवरण प्रत्येक वर्षको साउन महिनाभित्र केन्द्रीय पञ्जिकरण विभाग तथा कार्यालयलाई दिनुपर्ने उल्लेख छ । पालिकाले खाता खोलेको मिति देखि हालसम्म तथा आर्थिक वर्षको अन्तसम्म एक पटक पनि कारोबार नगर्ने लाभग्राहीको खाताको विवरण तयार गरेको पाइएन । कार्यालयले निष्कृय खाताको विवरण यथा शिघ्र यकीन गरी रकम बाँकी भए संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

१०४.२ सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं २३(५) मा पालिकाबाट फरवर्ड फिड बैंकमा पठाई बैँकले लाभग्राहीको खातामा जम्मा भएको स्पष्ट देखिने गरी लाभग्राहीको नाम, बैँक खाता नम्बर र जम्मा भएको रकम सहितको विवरण (रिभर्स फिड सहित) कार्यविधिको अनुसूची-८ बमोजिम रिभर्स फिड त्रैमासिक रुपमा सम्बन्धित स्थानीय तहलाई अनिवार्य रुपमा पठाउनुपर्ने उल्लेख छ ।

साथै वितरण नभई रकम बाँकी भए सो समेतको विवरण बैंकले कार्यालयलाई उपलब्ध गराउनु पर्दछ ।पालिकाले आ.व. २०७९।८० मा ८ वटा वडाहरूमा भत्ता वितरण गर्न बैंकमा रु. ७२८११११२७ पठाएको व्यहोरा श्रेस्ताबाट देखिन आएको छ । लेखापरीक्षणमा प्राप्त रिभर्स फिडको परीक्षण गर्दा बैंकहरूले चारवटा त्रैमासिकमा गरी रु. ७२३६५२२३ लाभग्राहीको खातामा जम्मा गरेको र फिर्ता गर्न बाँकी रकम रु. ४४५९०४ रहेको पाइयो । उक्त बाँकी रकम तथा मिति २०८०।३।३१ सम्म लगत कट्टा भई पार्किङ खातामा रहेको रकम रु. ३६९०८ सहित कूल रु. ४८२८१२.०४ राजस्व बेरुजु शीर्षकमा मिति २०८०।४।८ मा दाखिला गरेको प्रमाण पेश गरेको छ ।

सैद्धान्तिक बेरुजु

१०४.३ असार पछाडि लगत कट्टा- सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ४ को बुँदा नं. १४ मा प्रत्येक स्थानीय तहले प्रविष्ट गरेको अद्यावधिक एम.आई.एस लगतका आधारमा भत्ता रकम निकासा पाउने सम्बन्धमा व्यवस्था छ। लेखापरीक्षण अवधिमा बैंक खातामा रकम निकासा भईसकेका तर असार पछि मात्र लगत कट्टा भएका कारण बैंकमा पार्किङ खातामा रहेको रकम यकीन गरी फिर्ता गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

१०५ स्यानिटरी प्याड

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाका भित्रका सामुदायिक विद्यालयहरूमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरू ९८१ जना रहेका छन। पालिकाले श्री जेनिथ मल्टिट्रेड एण्ड कन्सट्रक्सनबाट प्रति प्याड ६३।६० का दरले २१०१० थान स्यानिटरी प्याड रु १३३६३०५ (मु अ कर समेत) मा खरिद गरेको छ। गत विगतमा के कति मौज्दात वाँकी रहेको र हाल विद्यालयलाई कति आवश्यक पर्दछ एकीन गरी स्यानिटरी प्याड समयमा नै विद्यालयलाई वितरण गर्नुपर्ने देखिन्छ।साथै खरिद गरिएका प्याडहरू भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राखेको पाइएन।तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ। साथै स्यानिटरी प्याडको गुणस्तर परीक्षण गरेर मात्रै वितरण गर्नुपर्नेमा सो गरेको पाइएन । आगामी दिनमा स्यानिटरी प्याडको गुणस्तर परिक्षण गरि गुणस्तर आश्वस्थता गरेर मात्रै वितरण गर्नुपर्ने देखिन्छ।

No description available. No description available.

सैद्धान्तिक बेरुजु

१०६ विद्यालय शिक्षक तलब भत्ता

शिक्षकहरूको तलबी प्रतिवेदन पारितः कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८ को दफा २ मा कार्यालयले स्थायी शिक्षकहरूको तलबी प्रतिवेदन शिक्षा विकास तथा समन्वय इकाई मार्फत विद्यालय शिक्षक किताबखानाबाट समयमा पारित गराई अनुदान दिने उल्लेख छ । कार्यालयले निर्देशिकामा भएको व्यवस्था बमोजिम तलबी प्रतिवेदन समयमा पारित गराई मात्र शिक्षकको तलब भत्ता अनुदान भुक्तानी गर्नुपर्दछ ।

शिक्षकहरूको तलब बैंकमार्फत भुक्तानीः कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८ को दफा २ मा विद्यालयले शिक्षकहरूको तलब बैंक मार्फत भुक्तानी तथा शिक्षकहरूलाई मासिक रुपमा तलब भुक्तानी गर्नुपर्ने उल्लेख छ । तर कार्यालयले चौमासिकको अनुदान निकासा दिदाँ अघिल्लो चौमासिकको तलब बैकमार्फत शिक्षकहरूलाई भुक्तानी गरेको प्रमाण वेगर नै निकासा दिने गरेको देखियो । तसर्थ कार्यालयले अनुदान दिएको बमोजिमको शिक्षक राखे नराखेको, राखेको शिक्षकलाई समयमा भुक्तानी दिए नदिएको तथा भुक्तानी दिदाँ अघिल्लो निकासामा बढी भएको रकम मिलान हुने गरी शिक्षकलाई भुक्तानी भएको प्रमाणको आधारमा मात्र गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१०७ **अनुदानको प्रभावकारिता मूल्यांकन**

पालिकाले विद्यालयहरूलाई अतिरिक्त क्रियाकलाप तथा व्यवस्थापन समिति, पाठ्यपुस्तक खर्च, निरन्तर विद्यार्थी मूल्यांकन खर्च, बालविकास पि.सि.एफ. खर्च, मसलन्द खर्च, सामुदायिक अध्ययन केन्द्र सञ्चालन तथा सम्बन्धी अनुदान दिएकोमा निकासा रकम सम्बन्धित प्रयोजनका खर्च भए नभएको अनुगमनको अभावमा यकीन गर्न सकिएन । तसर्थ कार्यालयले समयमा अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

१०८ **रित पूर्वकको कर वीजक**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकिएको ढाँचाको कर बीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । न्यूटन साइन्स हाउसले हस्तलिखित कर बीजक (बीजक नं. २३५ लाई हातले सच्याई २३६ बनाएको) बाट मू.अ.कर रु. ९७९३ समेत रु. ८५१३१ मा सामान खरिद गरेको छ । तसर्थ उक्त सप्लायर्स तथा निर्माण व्यवसासयीले रितपूर्वकको कर बीजक वेगर भुक्तानी लिएको मू.अ.कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	९,७९३

१०९ **दिवा खाजा कार्यक्रम**

विद्यालय तहसम्मको शिक्षामा पहुँच अभिबृद्धि गर्दै आधारभुत तहसम्म शिषाको सुनिश्चित गर्ने उद्वेश्यले वालविकास देखि कक्षा ६ सम्मका विद्यार्थीलाई दिवा खाजा प्रदान गर्दै आइएको छ।पालिकाले यस वर्ष ३० ओटा विद्यालयका २८१२ विद्यार्थिको लागि दिवा खाजा कार्यक्रम अन्तरगत ९८९८२४० खर्च भएको पाइयो। दिवा खाजाको लागि विद्यालयमा दिएको अनुदानको सम्वन्धमा दिवा खाजाको गुणस्तर, मापदण्ड, स्थानीय उत्पादनमा आधारित दिवा खाजा, जंक फुड रहित भए नभएको र अन्य व्यवस्थापनका विषयमा स्थानीय तहबाट समय समयमा निरीक्षण र अनुगमन हुनुपर्ने देखिन्छ।

सैद्धान्तिक बेरुजु

११० **शिक्षक दरवन्दी र पदपूर्ति**

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरूमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ। यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ३० सामुदायिक विद्यालयहरूको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ। विद्यार्थी संख्या न्यून भएकोमा विद्यालय शिक्षक दरबन्दी मिलान गर्ने वा विद्यालय मर्ज गर्नेतर्फ अग्रसर हुनुपर्दछ। शिक्षक दरवन्दी, पदपुर्ति, विद्यार्थी संख्या अनुसूचीमा संलग्न छ।

सैद्धान्तिक बेरुजु

१११ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरूको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना सञ्चालन गर्न कुल निकासा प्राप्त रु. ११९२९३७४।– मध्येबाट सडक, खानेपानी, मन्दिर, विद्यालय घेरवार, तटबन्धन, गोरेटो बाटो, विद्यालय खेलकुद मैदान निर्माण कार्यमा खर्च भएको छ । सामग्री खरिद तथा ढुवानी र कन्टिन्जेन्सी खर्च बाहेक श्रमिक ज्यालामा रु. १०११५०००।– खर्च भएको देखिन्छ । रोजगार कार्यक्रममा आवद्ध हुनको लागि २०२५ जनाले निवेदन दिएकामा जम्मा २९९ जना छनोट भएको प्रतिवेदन गाँउपालिकाले तयार गरेको छ । पालिकका ८ वटा वडा मध्ये ८ वटा वडामै सञ्चालित सडक, खानेपानी, मन्दिर, विद्यालय घेरवार, तटबन्धन, गोरेटो बाटो, विद्यालय खेलकुद मैदान निर्माण जस्ता कार्यक्रममा २९९ जनालाई दैनिक ५७७ को दरले न्यूनतम ५० दिन देखि अधिकतम १०० दिन रोजगारी दिएको पाइयो । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट

लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

११२ **मूल्य अभिवृद्धि कर**

मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ (ग) अनुसार ठेक्का वा करार अन्तर्गतको भुक्तानीमा मू.अ.कर रकमको ३०% रकम कट्टी गरी आन्तरिक राजस्व कार्यालयमा सम्बन्धित फर्मकोनाममा जम्मा गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले देहायको भुक्तानीमा नियमानुसार मूल्य अभिवृद्धि कर रकम कट्टी गरी राजस्व दाखिला नगरी फर्मलाई नै भुक्तानी दिएकोले कर समायोजन पेश गर्नुपर्ने रु.

गोभौनं./मिति	भुक्तानी पाउनेको नाम	बीजक नं र मिति	भुक्तानी रकम (मुअकर बाहेक)	मुअकर कर रकम	३० प्रतिशत रकम
२८।२०८१।१।२८ संघीय पूँजीगत	समीक्षा निर्माण सेवा (NCB-1/079/80)	१- २०८०।१।२१	१११९९३०	१४५५९०	४३६७७
१८४।२०८०।३।२४ संघीय पूँजीगत	समीक्षा निर्माण सेवा (NCB-1/079/80)	७- २०८०।३।२२	२३९१७५९	३१०९२८	९३२७८
१५०।२०८०।३।०८ संघीय पूँजीगत	समीक्षा निर्माण सेवा (NCB-1/079/80)	४- २०८०।३।५	१०५१४२८	१३६६०५	४०९८२
७८।२०८०।२।१६ संघीय पूँजीगत	समीक्षा निर्माण सेवा (NCB-2/079/80)	२- २०८०।२।९	२९७६५५८	३८६९५२	११६०८६
१८३।२०८०।३।२४ संघीय पूँजीगत	समीक्षा निर्माण सेवा (NCB-2/079/80)	६- २०८०।३।२२	२२७७२९१	२९६०५२	८८८१६
४५।२०८०।३।२४ संघीय पूँजीगत	समीक्षा निर्माण सेवा (NCB-3/079/80)		१२६५६६७	१६४५३६	४९३६०
	जम्मा				४३२१९९

प्रमाण पेश नगरेको	४,३२,१९९

११३ **अग्रीम आय कर**

आयकर ऐन, २०५८ को दफा ८७, ८८ र ८९ मा भुक्तानीमा अग्रीम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । कनकासुन्दरी गाँउपालिका उपभोक्ता समिति गठन परिचालन सम्बन्धी कार्यविधि, २०७५ अनुसार पालिकाले भुक्तानी गर्दा सबै प्रकारको कर कट्टी गरेर भुक्तानी गर्नुपर्ने उल्लेख छ । नमूना छनोट गरी लेखापरीक्षण गर्दा देहायका भुक्तानीमा नियमानुसार लाग्ने सामाजिक सुरक्षा कर, अग्रीम आय कर तथा बहाल कर कट्टी गरेको देखिएन । पालिकाले अन्यको हकमा समेत यकीन गर्नुपर्ने देखिन्छ । नियमानुसार कर असुल गर्नुपर्ने देखिएको रु.

गोभौनं./मिति	भुक्तानी पाउनेको नाम	भुक्तानी	१०% कर	१५% कर	१. ५ % कर	जम्मा
३५।२०७९।६।१३ गा. पा पूँजीगत	वडा कार्यालय भवन निर्माण वडा नं १ उ . स ., ढुङाको भरपाई	६९४९००		१०४२३५		१०४२३५
४१- २०७९।६।१३ पालिका पूँजीगत	वडा कार्यालय भवन निर्माण वडा नं ७ ज्याला भुक्तानी , ढुवानी भाडा	११६०००	११६००			११६००
३४०।२०८०।३।३१ (गा.पा. पूँजीगत)	सामुदायिक रेडियो सञ्चालन समितिको Broadcast Group Pvt. Ltd को बील भुक्तानी	८९८४०६(मू अ कर बाहेक)			१३४७६	१३४७६
१८४।२०८०।३।२४ संघीय पूँजीगत	समीक्षा निर्माण सेवा (NCB-2/079/80)	२३९१७५९			३५९७६	३५९७६
१८३।२०८०।३।२४ संघीय पूँजीगत	समीक्षा निर्माण सेवा (NCB-2/079/80)	२२७७२९१			३४१६०	३४१६०
४५।२०८०।३।२४ संघीय पूँजीगत	समीक्षा निर्माण सेवा (NCB-3/079/80)	१२६५६६७			१८९८५	१८९८५
	जम्मा					२१८४३२

असुल गर्नुपर्ने	२,१८,४३२

११४ **कर सम्बन्धी**

११४.१ नन्फाइलर – मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । तर पालिकाबाट देहायका फर्मलाई मू.अ.कर रु २६०३४५।- भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरू कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो । कानूनी व्यवस्थाअनुसार विवरण नबुझाएकोले कर समायोजन नभएको प्रमाण पेश हुनुपर्ने रु

यस सङ्ग सम्बन्धित विवरण अनुसुचीमा संलग्न छ ।

प्रमाण पेश नगरेको	२,६०,३४५

११४.२ कर छुटः

आयकर ऐन, २०५४ को दफा ८ को १(ख) मा प्राकृतिक व्यक्तिले रोजगारीबाट प्राप्त गरेको कुनै पनि व्यक्तिगत भत्ता वापतको भुक्तानी करयोग्य आय हुने व्यवस्था रहेको रहेको छ । पालिकाले गो.भौ.नं. ७७३-२०८०।३।२२ बाट वर्थिङ सेन्टर तर्फका १८ जना कर्मचारीलाई हेजार्ड भत्ता रु. ६३०००।- भुक्तानी गर्दा कर छुट भएको रकम रू. ९४५०।- सम्बन्धितबाट असुल गर्नु पर्ने रु.

गो.भौ.नं. १२०।२०७९।८।१३ आयकर ऐन, २०५८ को दफा ८८ (१) ४ अनुसार मूल्य अभिवृद्धि करमा दर्ता भएको सेवाप्रदायकलाई भुक्तानी गरेको सेवा शुल्कमा भुक्तानी रकमको एक दशमलब पाँच प्रतिशतका दरले अग्रीम कर कट्टा गर्नु पर्ने व्यवस्था छ । प्रधानमन्त्री रोजगार कार्यक्रम हाते औजार खरिदका लागि प्राविधिक सहायक ईश्वर आचार्यको पेश्की फर्स्यौट गरेकोमा कैलाश जनरल स्टोरबाट रु. ४९००००।- को औजार खरिद भएकोमा अग्रीम आयकर छुट भएको रकम सम्बन्धितबाट असूल गर्नुपर्ने रु ६९८४।-

असुल गर्नुपर्ने	१६,४३४

अनुगमन लेखापरीक्षण

(क) सम्परीक्षण :- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३९ र ४० बमोजिम लेखापरीक्षणबाट औँल्याइएका बेरुजू सम्बन्धमा प्रमाण पेश गरी वा नियमित गरी गराई वा असुल उपरगरी फस्र्यौट गर्ने पहिलो जिम्मेवारी तथा दायित्व बेरुजूसँग सम्बन्धित जिम्मेवार व्यक्ति तथा आर्थिक कारोबारमा संलग्न पदाधिकारी को हुने उल्लेख छ । कार्यालयले २०७८।७९ सम्मको बाँकी बेरुजु रु १८ करोड ८७ लाख ३६ हजार मध्ये म्यानुअलबाट रु. ९९८४५१ र नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली मार्फत रु. १००५९००० समेत गरी रु. ११०५७४५१ सम्परीक्षणका लागि अनुरोध गरेकोमा फस्र्यौट प्रमाणका आधारमा देहाय अनुसार रु. ७२९५२६६ बेरुजु सम्परीक्षण गरिएको छ ।

क्र.सं	आ.व	बेरुजु दफा	सम्परीक्षणको व्यहोरा	फछ्र्यौटको आधार				सम्परीक्षण
				असुली	प्रमाण	नियमित	पेश्की	
१	२०७५।७६	६३	दाखिला भई आएको	१०६००				१०६००
२	२०७५।७६	६२	दाखिला भई आएको	२२६५				२२६५
३	२०७५।७६	६२	कल ब. बुढा		८१३६			८१३६
४	२०७६।७७	२७	पेश्की फछ्र्यौट		१७७४५०			१७७४५०
५	२०७६।७७	२७	पेश्की भरतबहादुर शाही		५०००००			५०००००
६	२०७६।७७	२७	,,		३०००००			३०००००
७	२०७८।७९		न्याम्स प्रणालीबाट सम्परीक्षण भएको					६२९६८१५
जम्मा								७२९५२६६

(ख) अद्यावधिक बेरुजुको अवस्थाः यस **कनकासुन्दरी गाउँपालिका, जुम्ला** को २०७९।८० सम्मको फस्र्यौट गर्न बाँकी बेरुजुको स्थिति देहाय अनुसार रहेको छ । नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली लागू भए पश्चात बेरुजुको संपरीक्षण पनि उक्त प्रणालीबाट नै हुने भएकाले बाँकी बेरुजु संपरीक्षण गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

सि.नं	गत वर्षसम्मको बाँकी बेरुजू (A) opening_beruju	यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B) current_settled_beruju	यो वर्ष कायम बेरुजू(C) beruju	संपरीक्षणबाट कायम बेरुजू(D) additional_beruju	अध्यावधिक बाँकी बेरुजू (E=A-B+C+D) remaining_beruju
१	१८८७३६०००	७२९५२६६	७०८३२०७८.१४	०	२५२२७२८१२.१४

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७९/८०

कार्यालय र स्थान : कनकासुन्दरी गाउँपालिका, जुम्ला , कनकासुन्दरी गाउँपालिका , जुम्ला

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	टेक बहादुर शाही	२०७९-७-४	हाल सम्म कार्यरत
कार्यालय प्रमुख	Tirtha Bahadur Kathyat	२०७८-१०-८	२०७९-७-१
लेखा प्रमुख	Shankar Acharya	२०७९-४-१	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
३,०११,३२५.७६	३७,९२१,७७०	२१,०८३,२८२.३८	०	१३०,०००	८,६८५,७००
				जम्मा बेरुजु रकम	७०,८३२,०७८.१४
				लेखापरीक्षणको क्रममा असुली रु	०

स्थानीय तह :

https://nams.oag.gov.np

गत बर्षको जिम्मेवारी		८१९०२३८०.९४	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	३२९४०९११८	चालु खर्च	३२०४८९३१३
प्रदेश सरकारबाट अनुदान	३८७३९१८१	पूँजीगत खर्च	१३४७८६५८९
राजश्व बाँडफाँट	६५०९०६७३.३३	वित्तीय/अन्य व्यवस्था	११७३४८१५१
आन्तरिक आय	१८२५०००.०		
अन्य आय	१२०८५१७४९.०४		
कुल आय	५५५९१५७२१.३७	कुल खर्च	५७२६२४०५३
बाँकी मौज्दात		६५१९४०४९.३१	

अनुसूची - २

सि. नं.	लेखापरीक्षण क्षेत्र	लेखापरीक्षण गरिएका विषय
१	चालु तथा प्रशासनिक खर्च	खर्चको नियमितता तथा मितव्ययिता (चालु तथा प्रशासनिक खर्च)
२	तलब भत्ता तथा पारिश्रमिक खर्च(तलव, पदाधिकारी सुविधा, अन्य सेवा, नियमित परामर्श र करार सेवा)	तलब भत्ता तथा पारिश्रमिक खर्च(तलव, पदाधिकारी सुविधा, अन्य सेवा, नियमित परामर्श र करार सेवा) तलब भत्ता तथा पारिश्रमिक खर्च(तलव, पदाधिकारी सुविधा, अन्य सेवा, नियमित परामर्श र करार सेवा)
३	तालिम तथा कार्यक्रम खर्च	तालिम र कार्यक्रम खर्च
४	खरिद व्यवस्थापन	ठेक्का तथा प्रस्ताव व्यवस्थापन ठेक्का तथा प्रस्ताव व्यवस्थापन खरिद व्यवस्थापन खरिद व्यवस्थापन
५	अमानत, उपभोक्ता समिति र गैर सरकारी संस्थाबाट खरिद	११. अमानत, उपभोक्ता समिति र गैर सरकारी संस्थाबाट कार्य कार्य गराउने ।
६	स्वास्थ्य कार्यक्रम तथा वजेट खर्च	स्वास्थ्यतर्फ
७	कृषि तथा पशुतर्फ	कृषि तथा पशुतर्फ
८	सामाजिक सुरक्षा	सामाजिक सुरक्षा
९	संघ र प्रदेशबाट प्राप्त शसर्त लगायत अनुदान	संघ र प्रदेशबाट प्राप्त शसर्त लगायत अनुदान प्राप्त (अख्तियारी तथा अन्य सशर्त कार्यक्रम)
१०	शिक्षा तर्फको वजेट तथा कार्यक्रम	शिक्षा तर्फ
११	प्रधानमन्त्री रोजगार कार्यक्रम	संघ र प्रदेशबाट प्राप्त शसर्त लगायत अनुदान प्राप्त (अख्तियारी तथा अन्य सशर्त कार्यक्रम)
१२	मुख्यमन्त्री रोजगार कार्यक्रम	संघ र प्रदेशबाट प्राप्त शसर्त लगायत अनुदान प्राप्त (अख्तियारी तथा अन्य सशर्त कार्यक्रम)
१३	बैक खाता छोरीको कार्यक्रम	संघ र प्रदेशबाट प्राप्त शसर्त लगायत अनुदान प्राप्त (अख्तियारी तथा अन्य सशर्त कार्यक्रम)
१४	आन्तरिक आय	आन्तरिक आयतर्फ
१५	सामान्य जोखिम	कार्यालयको लेखापरीक्षणको दौरान देखिने जोखिम
१६	भूक्तानीमा कर कट्टी	भुक्तानीमा कर कट्टी

बेरूजु दफा १५ सँग सम्बन्धित विवरण - अनुसूची - ३

सि.नं.	कार्यक्रम/आयोजना/क्रियाकलापको नाम	खर्च शीर्षक	स्रोत	विनियोजन रु.
१	गाउँपालिका भवन निर्माण	३११११	आन्तरिक श्रोत	८०००
२	कोटघर पक्की पुल निर्माण वडा नं ८	३११५१	कर्णाली प्रदेश - समपुरक अनुदान पूँजीगत	५०००
३	मालिका बोता बत्ति विस्तार वडा नं १ देखी ८ सम्म	३११५३	नेपाल सरकार - समानीकरण अनुदान	१५००
४	कनकासुन्दरी मन्दीर गेट	३११५९	नेपाल सरकार - समानीकरण अनुदान	१०००
५	वडा नं ४ थाप्ला बुद्ध मन्दिर स्थापना तथा कार्यक्रमका लागि	३११५९	नेपाल सरकार - समानीकरण अनुदान	५००
६	पानी टेङ्कीदेखी तल्लो ढाँणसम्म सडक निर्माण वडा नं ६	२२७११	नेपाल सरकार - समानीकरण अनुदान	८५०
७	गोठिज्युला देखी वडा नं ८ का सबै बस्तिहरूमा मालिकाबोता बत्ति जडानका लागि तारपोल खरिद वडा नं ८	३११५३	आन्तरिक श्रोत	१२००
८	केन्द्रबाट छनौट भएका नमुना विद्यालयविशेष विद्यालयको क्रमागत भवन निर्माण तथा कक्षा ११ स्तोन्नति भएका प्राविधिक धार विद्यालयको ल्याव व्यवस्थापन अनुदान	३११११	नेपाल सरकार - शसर्त अनुदान पूँजीगत	१२००
९	केन्द्रबाट छनौट भएका नमुना विद्यालयविशेष विद्यालयको क्रमागत भवन निर्माण तथा कक्षा ११ स्तोन्नति भएका प्राविधिक धार विद्यालयको ल्याव व्यवस्थापन अनुदान	३१११३	नेपाल सरकार - शसर्त अनुदान पूँजीगत	२४००
१०	मुनेदह हाटसिंजा सिंचाई कुलो निर्माण कनकासुन्दरी गाउँपालिका ४ जुम्ला	३११५५	कर्णाली प्रदेश - शसर्त अनुदान पूँजीगत	१५००

बेरूजु दफा २८ सँग सम्बन्धित विवरण - अनुसूची -४

किस्ता	**भुक्तानी पाउने संख्या**	**दर**	**रकम**
पहिलो	५९	२५०००	१४७५००
दोस्रो	५८	२५०००	१४५०००
दोस्रो किस्ता लिन बाँकी	१		
कुनै किस्ता नलिने	४		
जम्मा	६३	५००००	२९२५०००

बेरूजु दफा ३० सँग सम्बन्धित विवरण - अनुसूची -५

गो भौ नं / मिति	वडा नं.	लाभाम्वितको संख्या	दर	रकम
२।२०७९।०५।०६	७	४४	९७७३	४३००१२
३।२०७९।०५।०६	३	४१	१००००	४१००००
४।२०७९।०५।०६	२	३९	१००००	३९००००
४६।२०७९।०८।१३	४	४३	१००००	४३००००
४७।२०७९।०८।१४	८	४१	१००००	४१००००
७१।२०७९।०९।१३	५	४१	१००००	४१००००
७८।२०७९।०९।१७	१	४१	१००००	४१००००
२५७।२०८०।०२।३२	६	४०	१००००	४०००००
जम्मा		३३०		३२९००१२

बेरूजु दफा ५१ सँग सम्बन्धित विवरण - अनुसूची -६

यस वर्षको फस्र्यौट गर्न बाँकी पेश्की

पेश्कीको विवरण	पेश्की लिने	म्याद ननाघेको	म्याद नाघेको
इन्धन (कार्यालय प्रयोजन)	दान बहादुर बुढा		१९०००
सवारी साधन मर्मत खर्च	दान बहादुर बुढा		२००००
सुत्केरी प्रोत्शाहन वडा नं ६	जय कृष्ण हमाल, सहायक चौथौ		१२५०००
स्वास्थ्य ईकाइ आन्तरिक व्यवस्थापन वडा नं ६	जय कृष्ण हमाल, सहायक चौथौ		२०००००
सुत्केरी प्रोत्शाहन वडा नं ६	जय कृष्ण हमाल, सहायक चौथौ		१२५०००
कृषि तर्फ	तेजेन्द्र खत्री, सहायक		५५००००
जेष्ठ नागरिक समान कार्यक्रम वडा नं ७	हस्तेन्द्र रोकाया, का.स.		१०००००
दलित तथा जनजाति कार्यक्रम वडा नं ७	हस्तेन्द्र रोकाया, का.स.		२००००
अपाङ्ग कार्यक्रम वडा नं ७	हस्तेन्द्र रोकाया, का.स.		३००००
समपुरक कोष वडा नं ७	हस्तेन्द्र रोकाया, का.स.		१५००००
किसान सूचीकरण कार्यक्रम	बरम बहादुर शाही, अधिकृतस्तर छैठौं		३०००००
योजना व्यवस्थापन खर्च वडा नं ५	रामु न्यौपाने, सहायक चौथौ		४५०००
समपुरक कोष (विविध समेत)	आर.आइ.डि.ए.आर.सी. – रबिचक्र जे. भी.	२५६११२४	
मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा, गर्भवती , रक्तसंचार , उत्प्रेरणा सेवा , न्यानो झोला र निशुल्क गर्भपतन कार्यक्रम	बुम्रमाडीचौर स्वास्थ्य चौकी		५००००
केन्द्रबाट छनौट भएका नमुना विद्यालय, विशेष विद्यालयको क्रमागत भवन निर्माण तथा कक्षा ११ स्तोन्नति भएका प्राविधिक धार विद्यालयको ल्याव व्यवस्थापन अनुदान	महादेव माध्यमिक विद्यालय		११३७०००
केन्द्रबाट छनौट भएका नमुना विद्यालय, विशेष विद्यालयको क्रमागत भवन निर्माण तथा कक्षा ११ स्तोन्नति भएका प्राविधिक धार विद्यालयको ल्याव व्यवस्थापन अनुदान	महादेव माध्यमिक विद्यालय		७५८०००
माध्यमिक विद्यालय खिच्चने आन्तरिक व्यवस्थापन	मालिका माध्यमिक विद्यालय खिच्चने		१३५००००
ढ्याम ई सि डी कार्यालय व्यवस्थापन वडा नं ३	लुम ढेम बालविकास केन्द्र		५००००
विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम्	श्री महादेव मा.बी बुम्रमाडीचौर		६५००००

कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान			
विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान	श्री महादेव मा.बी बुम्रमाडीचौर		२६८२०००
खस सिँजा प्रतिष्ठान व्यवस्थापन	खस सिंजा प्रतिष्ठान व्यस्थापन ०१		१५००००
ग्वातिखोला आ वि मा १ ल्याप्टप र प्रिन्टर खरिद	हरिचन्द्र बुढा		६००००
सस्थागत क्षमता विकास, परीक्षा सञ्चालन एवम् विद्यार्थी मुल्याङ्कन	हरि बहादुर बुढा ०१		११४७००
जम्मा		२५६११२४	८६८५७००

बेरूजु दफा ६७ सँग सम्बन्धित विवरण - अनुसूची -७

गो. भौ.नं./ मिति	उपभोक्ता समितिको नाम	कूल मूल्यांकन	निर्माण व्यसायी	हेभी उपकरणमा भएको खर्च
४६-२०८०।३।४	कोटघरदेखि बुढासिमसम्म सडक निर्माण	१८१८०४१.६७	एस.एस. कार्की निर्माण सेवा	२१८९३७.५०

बेरूजु दफा ७३ सँग सम्बन्धित विवरण - अनुसूची -८

डिपिआर खर्च

सि. नं .	योजना	बजेट	लागत अनुमान	बजेट खर्च	योजनाको लागत (करोड)
१	वडा नं ४ डिपिआर मुनेदह सिंचाइ कुलो को डि पि आर	४०००००	४००००००	३९८८९०	५.९९
२	तेतैले ढ्याम बृहत्त खानेपानी योजना, वडा नं ५	११७०००	११७०००	११६२७७	३.०३
३	मूलपाटा खानेपानी योजना, वडा नं ५	११७०००	११७०००	११६३९०	१.७८
४	सन्ज्यालवाडा खानेपानी योजना, वडा नं ८	११७०००	११७०००	११६१६४	३.३७
५	कनकासुन्दरी गाउँपालिका, वडा नं ८ को कोटघरमा बेलिबृज मोटरवेल पुल निर्माण गर्न संरचनाको पूर्ण कार्य लागत अनुमान , सर्भे , डिजाइन , माटो परीक्षण र हाइड्रोलोजिकल एनालाइसेस गर्ने परामर्श सेवा	२००००००	२००००००	१८९५०००	२.६३
६	कनका सुन्दरी मावि र स्वास्थ्य भवन डिपिआर	८०००००	८०००००	८०००००	४.३३
	जम्मा	३५५१०००	३५५१०००	३४४२७२१	२१.१३

बेरूजु दफा ७४ सँग सम्बन्धित विवरण - अनुसूची -९

गोभौनं./मिति	कामको विवरण	निर्माण व्यवसायी	घण्टा	भुक्तानी दर (मू . अ . कर सहित)	DOR को Equipment Hire Rate	फरक रकम
७८।२०७९।९।१३ गा. पा पूँजीगत	गुठीज्यूला देखि राशीखेत बाटो मर्मत कार्य, पहिरो सफा गर्ने काम	आशिष एण्ड आयुष निर्माण सेवा	७०	७०६२	४१७८	२०१८८०
८६।२०७९।९।१७ गा. पा पूँजीगत	सडक मर्मत कार्य, पहिरो सफा गर्ने काम	विराट कन्सट्रक्सन निर्माण सेवा	६७	७७६८	४१७८	२४०५३०
८८।२०७९।९।१७ गा. पा पूँजीगत	सडक मर्मत कार्य, पहिरो सफा गर्ने काम	विराट कन्सट्रक्सन निर्माण सेवा	१४१.९	७७६८	४१७८	५०९४२१
२०८०।३।०७ गा. पा . पूँजीगत	सिचाई कुलो मर्मत कार्य, भुक्तानी पाउने अशोक हमाल वडा नं ४	विराट कन्सट्रक्सन निर्माण सेवा	५८.४८	७७६८	४१७८	२०९९४३
७४।२०७९।९।१२ गा. पा पूँजीगत	पहिरो सफा गर्ने काम बुलबुले देखि कात्रे, घिम्रीकुना देखि पाण्डुसेरा , रोकायाबाँडा देखि सेराखोला	एस. एस . कार्की निर्माण सेवा	१३८	४२३७.५	३०९५	१५७६६५
	जम्मा					१३१९४३९

बेरूजु दफा ९० सँग सम्बन्धित विवरण - अनुसूची -१०

बढी भुक्तानी

उपभोक्ता समितिको नाम	लागत अनुमान	सम्झौता बमोजिम भुक्तानी हुने	कार्यसम्पन्न	भुक्तानी भएको	बढी भुक्तानी
वडा नं १ कार्यालय भवन निर्माण उ.स. (सम्झौता अनुसार ३९.८८% जनसहभागिता)	५८२२१८५	३३२५०००	६०३२५७२	४१८४७४९	८५९७४१

बेरूजु दफा ९८ सँग सम्बन्धित विवरण - अनुसूची -११

भुक्तानी पाउने	संख्या	दर	जम्मा रकम	अग्रीम कर कट्टी	कर कट्टी पछि वाँकी
जंगलाल वुढा	३०	१०००	३००००	४५००	२५५००
धनपती नेपाली	५०	१०००	५००००	७५००	४२५००

बेरूजु दफा १०१ सँग सम्बन्धित विवरण - अनुसूची -१२

गो भौ नं / मिति	कृषि फर्मको नाम	खरिद गरेको दर प्रति केजी रू.	बढि दरमा खरिद भएको जम्मा रकम	वढी व्ययभार परेको रकम रु
२०४-२०८०।२।५	कर्णाली हेचरी एण्ड पोल्टी फर्म	३०	६५६० केजी (१२१ डोका×४०केजी प्रति डोका)×२५ =१६४०००	८२०००
२०५-२०८०।२।५	इन्द्रभारा कृषि तथा पशुपंछी उद्योग	३०	६८०० केजी (१७०डोका×४०केजी प्रति डोका)×२५ =१७००००	८५०००
२०६-२०८०।२।५	धुपीरुख कृषि तथा पशुपंक्षी फर्म	३०	६५२० केजी (१६३ डोका×४०केजी प्रति डोका)×२५ =१६३०००	८१५००
२६१-२०८०।२।३२	रोसनी कृषि तथा पशुपंक्षी पालन फर्म	६०	१२१६ केजी ×२५ =६६८८०	३३४४०
		जम्मा	४६३८८०	२८१९४०

बेरूजु दफा १०२ सँग सम्बन्धित विवरण - अनुसूची -१३

गो भौ नं/ मिति	फर्मको नाम	नर्म्स अनुसार खरिद हुनुपर्ने आवश्यक मल	नर्म्स विपरित भएको खरिद	बढि खरिद	बढि खरिद भएको ५० % अनुदान असुली
२९१/ २०८०।३।१४	कालिका कृषि समूह	४५० ओखरको विरुवाको लागि अधिकतम् ४५० डोका मल	२७०० डोका मल	२२५० डोका मल प्रति डोका रु.१०० का दरले जम्मा रू.२२५०००	११२५००
२९२/ २०८०।०३।१४	मालिका कृषि सहकारी संस्था	५३० ओखरको विरुवाको लागि अधिकतम् ५३० डोका मल	३१९८ डोका मल	२६६८ डोका मल प्रति डोका रु.१०० का दरले जम्मा रू.२६६८००	१३३४००
२९३/ २०८०।३।१४	कोट ओखर पकेट क्षेत्र	६१२ ओखरको विरुवाको लागि अधिकतम् ६१२ डोका मल	३०६० डोका मल	३०६० डोका मल प्रति डोका रु.१०० का दरले जम्मा रू.३०६०००	१५३०००
२९५/ २०८०।३।१४	जिउगाडा कृषि कार्य कृषक समुह (नयाँ आलु पकेट कार्यक्रम)	१०००० केजी आलु अधिकतम् ५०० डोका प्रयोग गर्न सकिने	६५०० डोका मल	६००० डोका मल प्रति डोका रु.३० का दरले जम्मा रू.१८००००	९००००
३२४/ २०८०।३।१९	लक्ष्मी एण्ड मनिसा कृषि फर्म	१४० ओखरको विरुवाको लागि अधिकतम् १४० डोका मल	८४० डोका मल	७०० डोका मल प्रति डोका रु.१०० का दरले जम्मा रू.७००००	३५०००
३२७/ २०८०।३।२०	नमीता निरीता कृषि फर्म ओखर क्षेत्र	८० ओखरको विरुवाको लागि अधिकतम् ८० डोका मल	४८० डोका मल	४०० डोका मल प्रति डोका रु.१०० का दरले जम्मा रू.४००००	२००००
३२८/ २०८०।३।२९	कालिको स्याउ खेति ओखर पकेट खेति विस्तार	१७० ओखरको विरुवाको लागि अधिकतम् १७० डोका मल	१०२० डोका मल	८५० डोका मल प्रति डोका रु.१०० का दरले जम्मा रू.८५०००	४२५००
जम्मा					५८६४००

बेरूजु दफा ११० सँग सम्बन्धित विवरण - अनुसूची -१४

https://nams.oag.gov.np

क्र.स.	विद्यालयको नाम	शिक्षक दरबन्दी	पद पुर्ति	पदपुर्ति मध्ये करार	विद्यार्थी संख्या
१	कनकासुन्दरी मा.वि. लुड्कु	१७	९	८	६९३
२	कोइलिचरी मा.वि. लुम	१२	७	५	२५२
३	नेपाल राष्ट्रिय मा.वि. वोता	११	४	७	३३२
४	पाण्डवगुफा मा.वि. कोटघर	१३	८	५	४९४
५	महादेव मा.वि. बुम्रमाडीचौर	१०	५	५	२६५
६	भैलेपाटा नि.मा.वि. लेखपोर	६	३	३	८५
७	मालिका मा.वि. खिच्चने	९	५	४	५१२
८	ज्ञानोदय प्रा.वि. रिया	४	१	३	४४
९	मा.वि. बुद्ध चौतारा	५	२	३	२७२
१०	नवदुर्गा प्रा.वि. गौरी	३	२	१	४९
११	देवचौर प्रा.वि. जिअ	२	२	०	९
१२	प्रा.वि. धोविघाट	३	१	१	५०
१३	प्रा.वि. न्याउरीघाट	३	२	१	५२
१४	प्रा.वि. सिप्टी	२	१	१	३२
१५	कालिका नि.मा.वि. हाटसिंजा	४	३	१	१६८
१६	प्रा.वि. गोरुचौर	५	२	३	२७२
१७	महादेव प्रा.वि.चौथा	४	२	२	२०
१८	प्रा.वि. रोकायावाडा	४	१	३	१५३
१९	मालिका प्रा.वि. ग्वातिखोला	२	०	२	५६
२०	प्रा.वि. साउवाडा	२	०	२	३९
२१	कैलाश प्रा.वि. ओखरपाटा	२	०	२	७१
२२	प्रा.वि. सिम्पाटी	१	०	१	६२
२३	प्रा.वि. मार्फान	२	१	१	३१
२४	काँफलडाडाँ प्रा.वि. देहरपाटा	१	०	१	२३१
२५	झुलेनी वाविके	१	०	१	९

२६	विन्द्रासैनी आ.बि. बडुवालवाडा	०	०	०	६८
२७	लुम्दुवा वा.बि.के.	१	०	१	१५
२८	महारुद्र आ वि काभ्रा	०	०	०	२०
२९	जयभवानी बाल विकास केन्द्र	०	०	०	२८
३०	जनज्योति बाल विकास केन्द्र	०	०	०	११

बेरूजु दफा ११४.१ सँग सम्बन्धित विवरण - अनुसूची -१५

नन्फाईलर

गो.भौ.नं. मिती	भुक्तानी पाउने फर्मकोनाम	प्यान नं.	मू.अ.कर रकम
६४।२०७९।६।१२	कनकासुन्दरी कुटानी पिसानी मिल एण्ड फर्निचर सप्लायर्स	३०२७१७१७४	१३१३०
८३।२०७९।६।१३	हिमालयन होटल एण्ड रेष्टुरेन्ट	६१०६५२१८७	३४७१०
९२।२०७९।७।१५	हिमालयन होटल एण्ड रेष्टुरेन्ट	६१०६५२१८७	६३३१०
१०६।२०७९।८।९	कनकासुन्दरी कुटानी पिसानी मिल एण्ड फर्निचर सप्लायर्स	३०२७१७१७४	२९२५
१४८।२०७९।८।१५	हिमालयन होटल एण्ड रेष्टुरेन्ट	६१०६५२१८७	५७८५०
६२८।२०७०।३।३	कनकासुन्दरी कुटानी पिसानी मिल एण्ड फर्निचर सप्लायर्स	३०२७१७१७४	९७८२
८०४।२०८०।३।२४	नेपाल अल स्पोट मेडिया	६१०४३७३२८	५०७००
८२८।२०८०।३।२९	कनकासुन्दरी कुटानी पिसानी मिल एण्ड फर्निचर सप्लायर्स	३०२७१७१७४	५८५०
१३२।२०७९।८।१४	ललित ट्रेडिङ्ग कम्पनी (**VAT registration** नभएको)	३००१६०१३२	२२०८८
			२६०३४५।-